जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**खेतीयोग्य जमिनमा बस्ती नबसालौं ।**

- खेतीयोग्य जमिनमा बसोबास नगरौं/नगराऔं,
- हरियाली वातावरणसहितको नमूना वस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १७ • २०८० साल जेठ २३ गते मंगलबार (6 June, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम आज

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मंगलबार प्रस्तुत हुने भएको छ ।

प्रदेशसभामा प्रदेश प्रमुख हरिशंकर मिश्रले आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने भएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सो विषयमा प्रदेशसभालाई सोमबार पत्र पठाएको थियो । सो पत्र संसदमा सभामुख रामचन्द्र मण्डलले पढेर सुनाएका थिए । सोही अनुसारको व्यवस्था गरिदिन पनि अनुरोध गरेका थिए ।

वार्षिक नीति तथा कार्यक्रम प्रदेश प्रमुखले प्रस्तुत गर्ने भएकाले सबै सांसदलाई अनिवार्य उपस्थितिका लागि प्रदेशसभाले पनि आग्रह गरेको छ।

प्रदेश सरकारका अर्थमन्त्री संजय कुमार यादवले उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएर नीति तथा कार्यक्रम तयार पारिएको बताए । आयोग र अनुत्पादक क्षेत्रको आयोजनाहरुमा कटौती गरिएको उनले जानकारी दिए ।



सरकारले पहिलो प्राथमिकतामा कृषिलाई राखेको उनले बताए। कृषिमा विद्युतीकरण र आत्मनिर्भर बनाउने सीपमूलक दीर्घकालीन योजनाहरु समावेश गरिएको उनले बताए ।

उनका अनुसार आगामी आर्थिक वर्षको कार्तिकमा मधेश प्रदेश सरकारले लगानी सम्मेलन गर्ने छन् ।

उक्त सम्मेलनमा एक सय योजना सार्वजनिक गर्ने दिशामा प्रदेश सरकार अगाडि बढिरहेको उनले बताए। त्यसका लागि दश वटा योजना तयार भइसकेको उनले दाबी गरे ।

प्रदेश सरकारले स्वदेशमै रोजगारी सिर्जना गर्नको लागि उक्त सम्मेलनभन्दा अघि भूमि व्यवस्था र गुठी सम्बन्धी ऐन बनाउने मन्त्री यादवले घोषणा गरे ।

'प्रदेश सरकारले विदेशिएका युवाहरुलाई स्वदेशमै रोजगारी सिर्जना गरी उनको सीपलाई प्रयोग गर्नेछन्,'उनले भने,'हामी ल्याण्ड बैंक पनि बनाउँछौ । त्यसपछि उद्योग सञ्चालनको लागि उक्त जमीनमा सरकार र निजी क्षेत्रसंग सहकार्य गरेर उद्योगधन्दा चलाउने छन् ।'

प्रदेश सरकारको नियत र नीति प्रष्टहुँदा पनि न्यूनतम स्रोतसाधनका कारण अपेक्षा अनुसार काम गर्न नसकेको उनले स्वीकारे । सांसदहरुले उठाएका सवालको जवाफ दिँदै नीति तथा कार्यक्रम र बजेटमा एकरुपता हुने उनले प्रतिवद्धता जनाए ।

'सांसदहरुले औल्याएका पाटो संकलन गरिएको छ 'मन्त्री यादवले भने, सक्दो सुधार गरिनेछ । स्वास्थ्य र शिक्षामा हरेक नागरिकले अनुभूति गर्ने गरी बजेट ल्याउने उनको दाबी छ ।

## चन्द्रनगर गापामा तोडफोड २० विद्यार्थी पक्राउ

बख्तियार अली

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिकाको कार्यालयमा विद्यार्थीहरुले सोमबार तोडफोड गरेका छन् । उनीहरुले शिक्षकको माग गर्दै कार्यालयमा तोडफोड गरेका छन् ।

२० जना प्रदर्शनकारी विद्यार्थीहरुलाई प्रहरीले नियन्त्रणमा लिएका थिए । उनीहरुलाई साँझ रिहा गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सर्लाहीका प्रहरी प्रमुख एसपी नरेशराज सुवेदीले पक्राउ परेका सबै विद्याथीलाई मुक्त गरिएको बताए ।

'विद्यार्थी र गाउँपालिकाका पदाधिकारीबीच मंगलवार छलफल हुने सहमति भएको छ।' उनले भने, विद्यार्थीहरुले राखेका माग असान्दर्भिक छैन् ।विद्यार्थीको भविष्य जोडिएकाले पठनपाठनमा पालिकाले ध्यान दिनुपर्नेमा उनले जोड दिए।

सीटीभीइटीद्वारा सञ्चालित पोलिटेक्निक इन्स्टिच्युटका विद्यार्थीहरुले शिक्षक भर्ना गर्नुपर्ने लगायतका माग गर्दै विद्यार्थीहरुले प्रदर्शन गरेका थिए ।

इन्स्टिच्युटबाट नाराबाजी गर्दै पालिका कार्यालय पुगेका विद्यार्थीले टायर बालेर प्रदर्शन गर्दै ढुंगामुढा गरेका थिए ।





तोडफोडबाट पालिकाको एउटा डोजर र कार्यालयमा सामान्य क्षति पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता डीएसपी कैलाश राइले बताए ।

विद्यार्थीहरुसित शुल्क असुल गरिसकेका पालिका अध्यक्ष महतोले पठनपाठनप्रति ध्यान नदिएको विद्यार्थीहरुले बताएका छन् । रोजगारमूलक शिक्षा आर्जनका लागि स्थापित इन्स्टिच्युटलाई अध्यक्ष महतोले ध्वस्त बनाउन लागेको आरोप स्थानीयहरुको छ ।

चन्द्रपुरको वडा नम्बर २ बबरगञ्जमा रहेको गाउँपालिका अध्यक्ष राजकुमार महतोको घरमाथि पनि ढुंगामुढा गरेको उनका स्वकीय सचिव उमेश साहले बताए ।

विद्यार्थीहरुले नियमित पठनपाठन, शिक्षक भर्ना र प्रिन्सिपल नियुक्तिको माग गर्दै प्रदर्शन गरेका छन् । विभिन्न जिल्लाका विद्यार्थीहरु सो इन्स्टिच्युटमा अध्यनरत्त छन् ।

प्रदेश सभासद उपेन्द्र महतोको सक्रियतामा २०७६ सालमा स्थापना भएको इन्ष्टिच्यूटमा शिक्षक अभाव भएकोछ ।शिक्षक नहुँदा पठनपाठन अस्तव्यस्त भएकोछ ।

महतो अध्यक्षमा निर्वाचित भएपछि इन्स्टिच्युटमा शिक्षक भर्नामा आनाकानी गरिएको छ । शिक्षक भर्ना अगावै मोटो रकम कमिसन माग्न थालिएको कारण भर्नाको प्रक्रिया नै थालिएको छैन् ।

वर्ष दिनमै महतोले पालिकालाई अस्तव्यस्त बनाएको आरोप स्थानीय बासिन्दाहरुको छ ।कमिसन र घुसखोरी अत्यधिक बढेको उनीहरुको कथन छ ।

प्राविधिक शिक्षाका लागि दक्ष शिक्षक आवश्यक भएको तर खुल्ला विज्ञापनबाट पदपूर्तिको प्रक्रिया प्रारम्भ गर्न अध्यक्ष महतोले आनाकानी गरिरहेको विद्यार्थीहरुको आरोप छ । उनले प्रिन्सिपल नियुक्तिमासमेत रकमको चलखेलको प्रयास गरेको उनीहरुको आरोप छ ।

यसअघि पनि कयौं आर्थिक अनियमितताको आरोपमा मुछिएका अध्यक्ष महतो विद्यार्थीहरुसित संवाद गरी समस्या समाधान गर्न नचाहेको आरोप लागेको छ । विद्यार्थीहरुले शिक्षक नियुक्ति नभए विरोधमा उत्रने जनाउ दिएपछि अध्यक्ष महतो २ दिनदेखि पालिका आउनै छाडेका छन् ।

गाउँपालिकाले सोमबार जारी गरेको विज्ञप्तिमा अध्यक्ष २ दिनदेखि बाहिर रहेको मौकामा कार्यालय तथा घरमा तोडफोड गरेको र गाउँपालिकाका कार्यालय सहयोगी लालबाबु राउत, विनोद मल्लिकमाथि हातपात गरिएको भन्दै विरोध जनाएको छ ।

अध्यक्ष महतोले १ वर्ष भित्र विरोध गर्नेहरु मध्ये कम्तीमा १० जना भन्दा बढी मानिसलाई पक्राउ गराइसकेका छन् ।पछिल्लो पटक सोमबार थप २० जना विद्यार्थीलाई पक्राउ गर्न लगाएका छन् ।






# आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको मिथिला बिहारी नगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ।

विपद्को बेला हुने सूचना प्रवाह तथा आपतकालीन समयमा नागरिकको तत्कालै खोज तथा उद्धार गरी सहयोगको सुनश्चितताका लागि नगरपालिकाले आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना गरेको छ।

जीजीजीआई नेपाल र कोइका क्लाइमेट स्मार्ट कृषि परियोजना अन्तर्गत सोमबार नगरपालिकामा आयोजित एक समारोहबीच उपदेशीय निर्देशक युन हे चुङ्ले आपतकालीन सञ्चालन केन्द्रको उद्घाटन गरेका छन्।

विपद् पूर्वतयारी, विपद् पश्चातको पुर्ननिर्माणमा आपतकालीन कार्यसंचालन केन्द्रले प्रमुख भूमिका खेल्ने राकेश साहले बताए।

विपद्को जोखिममा रहेका मानसिहरुको जीवनयापनमा सहजता ल्याउने उद्देश्यले




आपतकालीन केन्द्रले सबै कसिमिका विपद्का घटनाहरुका सूचना सबैले दिन र लिन सक्ने व्यवस्थासमेत गरिएको उनले जानकारी दिए।

नेपाल सरकारले सबै स्थानीय तहमा स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापना गर्नुपर्ने प्रावधान रहेको छ। तर केन्द्रहरु अझै स्थापना हुन नसकेको बेला कोइकाको सहयोगमा जीजीजीआईले धनुषा र महोत्तरीको पाँच पाँच वटा गरी १० वटा पालिकामा केन्द्र स्थापना गर्ने भएको छ। सो मध्ये पहिलो केन्द्रको स्थापना भइ उद्घाटन भइसकेको छ।

नेपालले तराई बाढी मैदान क्षेत्रमा विशेष गरी महिला, युवा र फर्केका आप्रवासी कामदारहरूको लागि जोखिम कम गर्न र खाद्य र रोजगारी सुरक्षा सुधार गर्न जलवायु-स्मार्ट कृषिलाई व्यापक रूपमा अपनाउन सहयोग गर्ने उद्देश्यले मधेश प्रान्तमा जलवायु स्मार्ट कृषि परियोजना कार्यान्वयनमा ल्याएको जनाइएको छ।

कोरिया इन्टरनेशनल कोअपरेसन एजेन्सी (कोइका) को आर्थिक सहयोग रहेको यो आयोजना भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँगको साझेदारीमा कार्यान्वयन भइरहेको जानकारी समेत दिइएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल,मिथिला बिहारी नगरपालिकाका मेयर राजेन्द्र प्रसाद यादव, गुड नेबर्स इन्टरनेशनल र जीजीजीआइ जस्ता विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

# बिरामीको चाप बढ्यो

**ओम प्रकाश यादव**

गरुडा। वर्षा नहुँदा पछिलो केही दिनदेखि बढेको अत्यधिक गर्मीका कारण रौतहटको जनजीवन प्रभावित बनेको छ।

दिन दिनभरि लाग्ने गरेको चर्को घामका कारण गर्मी ह्वातै बढेको छ। अत्यधिक गर्मी हुँदा जिल्लाको जनजीवन कष्टकर बन्दै गइरहेको छ।

गर्मीका कारण बालबालिका र ज्येष्ठ नागरिक सबैभन्दा बढी समस्यामा परेका छन्। पानी नपर्दा र अत्यधिक गर्मीले गर्दा कक्षा कोठामा पङ्खा नहुँदा विद्यार्थीलाई पठनपाठनमा समस्या हुन थालेको देखिएको छ।

अत्यधिक गर्मीका कारण एकातर्फ विद्यालयमा विद्यार्थीको संख्यामा कमी आएको छ भने अर्कोतर्फ अस्पतालहरुमा बिरामीको संख्यामा वृद्धि भएको छ।

गर्मीका कारण जिल्लाको अधिकांश विद्यालयको कक्षाकोठामा पंखा नहुँदा विद्यार्थीहरुलाई पठनपाठनमा सास्ती खेप्नु परेको छ।

चर्को घामसँगै दिन दिनभरि चल्ने गरेको तातो हावाका कारण पंखा नभएका विद्यालयका विद्यार्थीहरुलाई सास्ती भोग्नु परेको छ।

जिल्लाको गरुडा, गढिमाई, वृन्दावन, देवाही गोनाही, राजपुर, परोहा लगायत नगरपालिकामा रहेका अधिकांश सामुदायिक विद्यालयमा पंखा जड्डान नहुँदा विद्यार्थीहरुलाई पठनपाठन गर्न निकै



समस्या भइरहेको छ।

गर्मीका कारण घरबाट बाहिर निस्कनेहरुको संख्यामासमेत कमी आएको छ भने दिउँसोको समयमा सडकमा मानिसको चहलपहल पातलो हुनुको साथै सुनसान देखिन थालेका छन्।

यता गर्मी बढेसंगै जिल्लाको सरकारी अस्पतालदेखि अन्य अस्पताल र निजी क्लिनीकहरुमा बिरामीको चाप ह्वातै बढेको छ। तराई मधेशका रौतहट सहितका जिल्लाहरुमा केहि दिनदेखी गर्मी बढेसंगै अस्पतालहरुमा बिरामीको संख्या बढ्न थालेको देखिएको छ।

दिनभरि लाग्ने गरेको चर्को घामका कारण गर्मी बढेर यतिखेर जिल्लाका अस्पतालहरुमा खासगरी झाडापखाला, फुड पोइजनिङ्ग, भाइरल ज्वरो र छालाका बिरामी सबभन्दा बढी आउने गरेको अस्पतालहरुले जनाएको छ।

अन्य दिनको तुलनामा अहिले दिनहु झाडापखाला, छाला, टाइफाइड, फुड पोइजनिङ्ग, भाइरल ज्वरो लगायतका बिरामी ९० देखि एक सय भन्दा बढी जनासम्म आउने गरेको हेल्थल्याण्ड हस्पिटल गरुडाका सञ्चालक संजय चौधरीले बताएका छन्।

अन्य समयमा २० जनासम्म बिरामी आउने हेल्थल्याण्ड हस्पिटलमा अहिले एक साताभित्रमा बिरामीको संख्या ह्वातै बढेको सञ्चालक चौधरीले बताए। अत्यधिक मात्रामा बढेको गर्मीले पखाला लागेको, ज्वरो आएको र छालासम्बन्धी समस्या लिएर आउने बिरामीको चाप दिनप्रतिदिन बढ्दै गएको अनामिका हस्पिटल गरुडाका डा. आरबी प्रसादले बताएका छन्।

गर्मीबाट जोगिन सकेसम्म घाममा घर बाहिर ननिस्कने, बढी मात्रामा स्वच्छ पानी पिउन, झोलयुक्त खानेकुरा खान पेय पदार्थ खान डा. प्रसादले सल्लाह दिएका छन्।

गर्मीको मौसममा मानिसको शरीरमा रहेको पानीको मात्रा पसिनाको रुपमा बाहिर निस्किने भएकाले बढी झोलयुक्त खानेकुरा खान र स्वच्छ पानी पिउनुपर्ने उनको सुझाव छ। गर्मी बढेसंगै तराईका जिल्लाहरुमा चिसो पेय पदार्थको व्यापारसमेत फस्टाएको छ।

# अन्तर्राष्ट्रिय बाइकको राइड

**टुडे समाचारदाता**

काठमाण्डु। नेपालमा सर्वाधिक बिक्री हुने बाइकहरुको अग्रपङ्क्तिमा टिभिएस पनि पर्दछ।

निकै पावरफुल र टेक्नोलोजीले भरीपूर्ण बाइकहरु निर्माण गर्दै नेपाली बजारमा आफ्नो बलियो स्थान हाँसिल गरेको टिभिएस एक यस्तो बाइक निर्माता हो जसले युवा पुस्तामा रहेको बाइकिङ संस्कृतिलाई पनि बढावा दिँदै आएको छ।

बाइकिङबाट सामाजिक कार्यमा सहयोग पुर्‍याउने र युवाहरुलाई एक अर्कासँग जोड्ने एक प्रभावकारी समूहका रुपमा टिभिएसले अपाचे अनर्स ग्रुप (एओजी) लाई अघि बढाइरहेको छ।

सामूहिक प्रयास भए के सफल हुँदैन र भन्ने भावनालाई युवहरुको मनमा स्थापित गर्न सुरु भएको एओजी, बाइकिङ कल्चर प्रवर्द्धनकै निम्ति नेपालका लागि टीभीएसको आधिकारिक वितरक जगदम्बा मोटर्सले गठन गरेको एक ग्रुप हो। स्थापना काल देखिनै यस ग्रुपले विभिन्न आकर्षक र मनोरञ्जनात्मक कार्यक्रमहरूमार्फत युवाहरुको बाइकिङ प्रतिको लगावलाई प्रोत्साहन दिँदै आएको छ।

परोपकार, मनोरञ्जन र शैक्षिक कार्यक्रमहरूमा सक्रिय रहने एओजी ग्रुपले यस पटक भने पहिलो अन्तर्राष्ट्रिय मार्क्यु राइडको आयोजना गर्दै आफ्नो उपस्थितिलाई नयाँ उचाइमा पुर्‍याउन सफल बन्यो।

"राइड टु ओरिजिन" उद्देश्य लिएर भारतको माइसोरमा रहेको टिभिएसको फ्याक्ट्रीसम्म पुग्ने लक्ष्य राखेको मार्क्यु राइडमा १० जना नेपाली राइडरहरुको सहभागिता रहेको थियो।

राइडमा सहभागी हुने राइडरहरु बाइकिङ संस्कृतिलाई अघि बढाउनका निम्ति ब्लग र अन्य माध्यबाट सक्रिय युवाहरु थिए भने राइडका लागि टिभिएस अपाचे सिरिजका १६०, २०० र ३१० सिसिका मोटरसाइकको प्रयोग गरिएको



थियो।

फागुन ११ गते २०७९ बाट सुरु भएको उक्त अपाचे ओनरस् ग्रुप (एओजी) को मार्क्यु राइडमा नेपाल लगायत, भारत र बंगलादेशका थुप्रै राइडरहरु सहभागिता जनाएका थिए।

फागुन ११ गते काठमाण्डु बाट रक्सौल हुँदै भारत प्रवेश गरेर सुरु भएको २२ दिने लामो त्यस यात्राका राइडरले भारतको प्रख्यात मोटो सोल नामक कार्यक्रममा सहभागिता जनाउने र भारतमै रहेको टिभिएसको फ्याक्ट्री को पनि भ्रमण गर्ने पनि मौका पाए।

टिभिएस मोटर कम्पनी इन्डियाका बिजनेस हेड विमल सुम्ब्लीले बहुप्रतिक्षित टिभिएसमोटोसोल इन्डियाका बारेमा बोल्दैभने, "हामी संसारभर छरिएका वाइकिङ प्रेमीहरुका लागिटिभिएसमोटोसोल २०२३आयोजना गर्न पाएकामा निक्कै हर्षित छौं।

टिभिएसमोटोसोल,सामान विचारधारा भएका मोटरसाइकल राइडरसमुदायलाई एक ठाउँमा ल्याउने, मोटरसाइकलप्रतिको प्रेमको उत्सव मनाउने,रेसिङ र बाइकिङका दिग्गजहरूसँग अन्तरक्रिया गर्ने र एक आपसमा भाइचाराको भावना विकास गर्दै त्यलाई घरघरमा पुर्‍याउने एउटा मंच हो।

यस कार्यक्रमका लागि काठमाण्डुदेखि गोवासम्म अपाचे राइडरहरूसँग टिभिएसनेपाल- जगदम्बा मोटर्स प्रा. लिटोली सहभागी भएकामा म उत्साहित छु। यो पहिलो अपाचे ओनर्स ग्रुप अन्तर्राष्ट्रिय राइड हुनेछ, जहाँ राइडर्सले २० दिनमा ७००० किलोमिटरभन्दा बढी दूरीको यात्रा तय गर्नेछन्। यसले हाम्रो सबैभन्दा सफल प्रिमियम बाइक टिभिएसअपाचेप्रतिको राइडरहरुको प्रेम र विश्वासलाईसाथै उनीहरु भित्र रहेको हिम्मतलाई प्रस्ट पार्दछ।

७ हजार किलोमिटरको लामो मार्क्यु यात्राका बारेमा राडडर सागर थापा आफ्ना अनुभव यसरी सुनाउँछन् :

"सात हजार किलोमिटर लामो यात्रा गर्न सहजथिएन। यात्रा शारीरिक र मानसिक दुवै हिसाबले चुनौतीपूर्ण थियो।

बाइस दिने यो यात्रा मलाई जीवनभर याद रहनेछ। नेपाल र भारतको फरक भूगोल, कला संस्कृति र खानपानको अनुभव गर्न पाइयो।यसै यात्रामार्फत नेपाल भारत र बङ्गलादेशका राइडरसँग चिनजान पनि बढ्यो।

टिभिएसले मलाई नयाँ सम्बन्धहरु गाँस्न सघाएको छ। यस यात्रा भन्दा पहिले म सोच्थैं कि २०० सिसिको बाइकमा यति लामो यात्रा असम्भव छ तर त्यो असम्भवलाई यस यात्रा र मेरो टिभिएस २०० ले सम्भव बनाइदियो।

यात्राकै क्रममा भारतको गोवामा भएको टिभिएस मोटो सोल जस्तो भव्य कार्यक्रम पनि हेर्न मौका पाए जहाँ बाइक स्टन्टलगायत अन्य अरु बाइकिङका कार्यक्रम पनि भएका थिए।

माइसोर मा रहेको टिभिएस फ्याक्ट्रीको भ्रमण झनै यादगार थियो।

आफूले चढ्ने बाइक कसरी र के प्रविधिको प्रयोगबाट बन्छ भनेर हेर्न पाउँदा अनि सन् १९८२ देखिको इतिहास बोकेको टिभिसलाई नजिकबाट हेर्न पाउँदा मलाई निकै खुसी लागेको छ। म टिभिएस नेपाल टिभिएस भारत र टिभिएस बङ्लादेशलाई यो अवसर जुराइदिएकोमा बिशेष धन्यवाद दिन चाहन्छु।"

विज्ञापन र पीएसएमार्फत कार्यक्रमलाई सहयोग गरेर नेपाल पर्यटन बोर्डले पनि यस अभियानलाई प्रभावकारी बनाउन ठूलो योगदान पुर्‍याएको थियो।

नेपालका विभिन्न पर्यटकीय गन्तव्यहरुलाई भारतमा प्रचार गर्न र भारतीय राइडरहरुलाई नेपाल भ्रमणका निम्ति प्रोत्साहन गर्न भारत यात्रामा निस्किएको एओजी टिमलाई नेपाल पर्यटन बोर्डको यो कदमले निकै प्रोतसाहन गरेको थियो।

टिभिएस एपाचे सिरिजका १६०, २०० र ३१० सिसिका बाइक लिएर सात हजार किलोमिटर लामो यात्रामा निस्किएको एओजी टिमका सम्पूर्ण राइडरहरुले आफूले चलाएको बाइकको खुलेर प्रशंसा पनि गरे। आरामदायी बाइक पाएकाले यात्रामा शारीरिक समस्या कम भएको र बाइको उत्कृष्ट ब्रेकिङ,पिकअप पावर, ह्यान्डलिङ अनि माइलेजले गर्दा ठूला ठूला राजमार्गमा यात्रा गर्न सहज भएको राइडरहरुको भनाइ थियो।

नेपालबाट यात्रा सुरु गरेको एओजी टिमले भारतको रक्सौलमा भारतीय राइडर र बिहारमा बंगलादेशका राइडरहरुलाई भेटेर यात्रालाई अघि बढाएका थिए।

राइडकै क्रममा एओजी टिमका सदस्यले फागुन १९ र २० गते गोवामा आयोजना भएको मोटोसोल अल्टिमेट बाइकिङ फेस्टिभलमा पनि सहभागिता जनाए।

भारतकै ठूलो मानिने उक्त फेस्टिभलमा विभिन्न बाइकिङ गतिविधिहरुका साथै टिभिएसका उत्कृष्ट बाइक, बाइकिङ पोशाक, र प्रविधिहरुको प्रदर्शनी गरिएको थियो। यस्ता राइडमार्फत टिभिएसले नेपाली राइडरलाई यात्राको अवसर दिने मात्र नभएर बाइकिङ क्षेत्रमा भइरहेका नयाँ परिवर्तनका बारेमा पनि जानकार बनाउन सहयोग गरेको छ।

राइट टु ओरिजिन नारा लिएर टिभिएस बाइकको निर्माण हुने ठाउँ माइसोरसम्म पुगेर बाइकको निर्माण प्रकियालाई हेर्ने मौका पाएका राइडरहरु यस्तो मौका दिलाइदिएकोमा टिभिएस नेपाल प्रति आभारी रहेको बताउँछन्।

फागुन ११ गते काठमाण्डुबाट सुरु भएको २२ दिने मार्क्यु राइड भारतको रक्सौल, गया, राउरकेला, छत्तिसगढ, गोंदिया, अमरावती, औरंगाबाद, सातारा, गोवा, उडुपी, माईसुरु, बंगलौर, तिरुपति, विजयवाड़ा, विशाखपटनम, ब्रह्मपुर, भद्रक, कोलकाता, भागलपुर, बाट रक्सौल हुँदै काठमाण्डुमा समाप्त भएको थियो।

# साह मनोनयन

**टुडे समाचारदाता**



राजविराज। जनता समाजवादी पार्टी(जसपा) नेपालद्धारा सोमबार गठित ऐतिहासिक विधान अधिवेशन प्रचारप्रसार उपसमितिमा सप्तरीका उपेन्द्र साह सदस्य पदमा मनोनित भएका छन्।

सप्तरीको डाक्नेश्वरी नगरपालिका- ८ का ५७ वर्षीय साह जसपाको मधेश प्रदेश परिषद सदस्य तथा सप्तरीको प्रचार प्रसार डेस्क प्रमुख समेत रहेका छन्।

जसपा केन्द्रीय कार्यालयमा वसेको बैठकद्धारा गठित उक्त १६ सदस्यीय उपसमितिको संयोजकमा अर्जुन थापा र उप संयोजक न्हुच्छे लाल महर्जनलाई चयन गरिएको छ। यस्तै आमन्त्रित सदस्यमा मनिष सुमन र पूर्ण बहादुर वस्नेतको चयन गरिएको समितिका संयोजक थापाद्धारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

जसपाको प्रथम विधान अधिवेशन आगामी असार १०, ११ र १२ गते काठमाण्डुमा हुने तय भएको छ।

# निःशुल्क पानी वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुर जेसिजले जनकपुरधाममा निःशुल्क पिउने पानी वितरण गरेको छ।

अत्यधिक गर्मीले समस्यामा परेका बटुवाहरुलाई राहत दिने उद्देश्यले सर्वत पानी खुवाइएको अभियन्ता राजेन्द्र साहले बताए। स्थानीय जनकचोकमा स्टल राखेर आउ जाउ गर्ने सयौं सर्वसाधारणहरूलाई पानी खुवाइएको बताइएको छ।

प्रचण्ड घाम र लगातार चल्ने तातोहावाको कारण बढेको गमीले गर्दा तराई मधेशको जनजीवन दिनानुदिन कष्टकर बन्दै गएको बेला निःशुल्क पानी वितरण कार्यक्रमले राहत पुगेको देखिएको छ।पानी वितरण कार्यक्रममा समाजसेवी पवन सिघानियालगायतको व्यक्तिहरुलाई सम्मान समेत गरिएको छ। उनीहरुलाई मायाको चिनो प्रदान गरी सम्मान गरिएको छ।

यस अघि जेसिजले जनकपुरधाम उपमहानगरपालिका-४मा रहेको जेसिजको कार्यालय परिसरमा वृक्षरोपण कार्यक्रम समेत सम्पन्न गरेको छ। त्यहाँ विभिन्न प्रजातिको एक दर्जनभन्दा बढी रुख रोपिएको जानकारी जेसि राजेन्द्र साहले दिए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सिद्धार्थ बैंकद्वारा वातावरण दिवस मनाइयो

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंकले विश्व वातावरण दिवसको अवसर मास्वच्छ वातावरण निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यले सातै प्रदेशमा विभिन्न कार्यक्रम आयो जना गरी विश्व वातावरण दिवस मनाएको छ ।

यस दिवसको अवसरमा विभिन्न स्थानहरुमा सरसफाइ तथा वृक्षरोपण कार्यक्रम,कर्मचार ीबीच टिकटक प्रतियोगिता,पुनः प्रयोग गर्न सकिने कटन व्याग वितरण र नो प्रिन्ट डे जस्ता कार्यक्रमहरु आयोजना गरेको थियो । जसमा बैंकका कर्मचार ीहरुको उल्लेखनीय सहभागिता रहेको थियो । बैंकले वृक्षरोपण तथा सरसफाइ कार्यक्रम अन्तर्गत देशका सातै प्रदेशमा कुल ५८१ वटा बोटबिरुवाहरु रोप्नुका साथ(साथै विभिन्न सार्वजनिक स्थानहरुमा सरसफाइ कार्यक्रमसमे त आयोजना गरेको थियो ।

यस्ता कार्यकहरुले वातावरणको संरक्षण, मानव स्वास्थ्य सुधार र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउछ भन्ने बैंकले विश्वास राखेको छ ।

बैंकले वातावरण संरक्षणका निम्ति 'से नो टु प्लास्टिक' नार ालाई अवलम्वन गर्दै बैंकको आधिकारिक टिकटक पेजमा बिट प्लास्टिक पोलुसन विषय राखी समाजमा वातावरण संर क्षण सम्बन्धी जनचेतना फैलाउन कर्मचारीबीच टिकटक प्रतियो गिता सम्पन्न गरको थियो ।

त्यस्तै,यही नारालाई सार्थक बनाउने उद्देश्यका साथै बैंकले पुनःप्रयोग गर्न सकिने कटन ब्याग पनि आफ्ना शाखाहरु



मार्फत वितरणगरेको थियो । साथै वातावरण संरक्षणलाई थप टे वा पुऱ्याउन बैंकले सो दिनलाई 'नो प्रिन्ट डे' पनि घोषणा गरेको थियो ।

सिद्धार्थ बैंक लिमिटेडले दे शभरि फैलिएको आफ्ना १९५ वटा शाखा, २२० वटा एटिएम र ५वटा एक्स्टेन्सन् काउन्टरबाट ग्राहकलाई आधुनिक बैंकिग से वाहरु प्रदान गर्दै आएको छ ।

बैंकले विभिन्न सामाजिक कार्यहरूमा सहभागिता जनाउंदै आएको र आगामी दिनहरुमा पनि यस्ता सामाजिक कार्यहरुलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखी निरन्तरता दिँदै जाने उद्देश्य बैंकको रहेको छ ।

# नेपाल लाइफ इन्स्योरेन्सको आफ्नै भवन उद्घाटन

**टुडे समाचारदाता**

पोखरा। नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले पोखराको न्युर ोडस्थित आफ्नै सुविधा सम्पन्न भवनको समुद्घाटन गरेको छ। सोमबार आयोजित कार्यक्रमबीच इन्स्योरेन्स कम्पनी सञ्चालक समितिका सदस्य कमलेश अग्रवाल, विमलप्रसाद ढकाल र कृष्णराज लामिछाने, कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुली र नेपाल बिमा प्राधिकरण गण्डकी प्रदेशका प्रादेशिक प्रमुख केशवराज ढकालले संयुक्त रूपमा भवनको उद्घाटन गरेका छन्।

करीब ३,२२० वर्ग फिटमा फैलिएको उक्त सुविधा सम्पन्न



भवनमा गण्डकी प्रदेशको प्रादेशिक कार्यालय र पोखरा शाखा कार्यालय रहने छ ।

उद्घाटन समारोहमा बोल्दै सञ्चालक समिति सदस्य अग्रवालले नेपाल लाइफको आफ्नै भवनको उद्घाटन गर्न पाएकोमा खुशी व्यक्त गरे।

निकट भविष्यमा नै कम्पनीले नेपालका मुख्य सहरमा घरजग्गा खरिद गर्ने योजनासहित कार्यारम्भ गरिसकेको उनले बताए।

नेपाल लाइफले सातै प्रदेशमा प्रादेशिक कार्यालयको स्थापना गरिसकेको छ।

# आगलागीमा २० लाखको क्षति

**रञ्जन यादव**

कलैया । बाराको छातापिपरामा रहेको धागा उद्योग त्रिवेणी स्पेनिङ्ग मिल्समा आगलागी



हुँदा करीब २० लाख रुपैयाँको क्षति भएको छ ।

जीतपुरसिमरा उपमहानगर पालिका-९ स्थित उक्त उद्योगमा अचानक मेसिनको मुख्य तार सर्ट भइ भएको आगलागीबाट उद्योगको केबुल तार , मेसिनको मदरबोर्ड , तयारी ५ सय किलो को धागो , अल्फा प्यानल मेसिनको डिसप्ले ,बुष्टर कन्टरम ,क्वालिटी नियन्त्रण मेसिन लगायतको सामग्री जलेर नष्ट भएको उद्योगको प्रशासकीय अधिकृत राजेश श्रेष्ठले जानकारी दिए ।

आगलागी इलाका प्रहरी कार्यालय जीतपुर, सशस्त्र प्रहरी कार्यालय जीतपुर ,जीतपुरसिमरा उपमहानगरपालिकाको बारुण यन्त्र , पेट्रोलियम डिपो प्रादेशिक कार्यालय अम्लेखगंज बारुण यन्त्र ,कलैया उपमहानगर पालिकाको बारुण यन्त्र ,वीरगञ्ज महानगरपालिकाको बारुण यन्त्र र उद्योगमा कार्यरत श्रमिकहरुको सहयोगले आगो नियन्त्रणमा लिइएको थियो ।

आइतबार राति १२:४५ मा सुरु भएको आगलागी बिहान करीब ३ बजे नियन्त्रणमा आएको थियो ।

२४ सौँ घण्टा सञ्चालन हुने त्रिवेणी स्पेनिङ्ग मिल्समा १ हजार ५ सय मजदुर कार्यरत रहेका छन् ।

# बैंकद्वारा वृक्षरोपण

**टुडे समाचारदाता**

काठमाण्डु । 'बिट द प्लाष्टिक 'भन्ने मूल नारालाई आत्मसाथ गर्दै बढ्दो जलवायु परिवर्तनको न्यूनीकरण गर्न अपरिहार्य रुख तथा बोटविरुवा जर्गेना अन्तर्गत बैंकले यस अघि नै देशका विभिन्न स्थानमा स्वस्थ्य शिविर,समुदायिक विद्यालय एंव मठ मन्दिरहरुमा सहयोग गरिसकेका छन् ।

हाल,सिटिजन्स बैंक इन्टर




World Environment Day 2023-250+ tree plantation program at Shantinagar area

नेसनल लिमिटेडले देशभरि फैलिएका आफ्ना १८३ वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १४० वटा ए.टि.एम., ६ वटा कियोस्क सेवा र ९७ वटा शाखारहित बैंकिङ्ग इकाइहरुबाट करीब १५ लाख ७२ हजार ग्राहकवर्गलाई सरल, सुरक्षित एवं गुणस्तरीय सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

सिटिजन्स बैंकले हालसम्म देशभर आफ्ना ८१ वटा शाखा, ७६ वटा ए.टि.एम. र ९९ वटा शाखामार्फत आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।

तथा प्रवर्द्धन गर्ने हेतुले सिटिजन्स बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सोमबारको दिन शान्तिनगर, काठमाण्डुंमा वृहत वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ ।

द रिभोलुसन प्रोजेक्टसंगको सहकार्यमा विश्व वातावरण दिवस २०२३ को दिन वृहत वृक्षरोपण कार्यक्रम शान्तिनगर - ९मा करीब २ सय ५० भन्दा बढी विभिन्न प्रजातिका विरुवा रोपि सम्पन्न भएको छ । संस्थागत सामाजिक उत्तरदायित्व

# वन तथा वन्यजन्तु ब्यवस्थापन सम्बन्धी तालिम

**टुडे समाचारदाता**

कलैया । बाराको सिमरामा सञ्चालित वन तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धी पाँच दिने तालिमको समापन भएको छ ।

वन संरक्षण क्षेत्रमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि र वन तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धी जानकारी दिने उद्देश्यले तालिमको आयोजना गरि




एको तालिमको व्यवस्थापक रेञ्जर सन्दिप पटेलले जानकारी दिए । तालिमको पहिलो दिन आर्थिक ब्यवस्थापन सम्बन्धि ,दोस्रो दिन मानसिक तनाव मुक्त सम्बन्धी,तेस्रो दिन ऐन ,कानुन र वनको अवस्था र रणनीति सम्बन्धी , चौथो दिन वन तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धी र पाँचौ दिन पर्सा राष्ट्रिय निकुञ्जको अवलोकन तथा यसले अबलम्बन गरेको रणनीतिको स्थलगत अवलोकन तथा फिल्ड अभ्यास गरिएको छ ।

# वातावरण दिवस मनाइयो




**टुडे समाचारदाता**

राजविराज । मधेश कृषि विश्वविद्यालय राजविराज र डिभिजन वन कार्यालय, सप्तरीको संयुक्त आयोजनामा विश्व वातावरण दिवस 'प्लाष्टिक प्रदूषण निर्मूल पारौं, वातावरण मैत्री विकल्पको उपयोग गरौ' भन्ने नाराका साथ मनाइएको छ ।

उक्त कार्यक्रममा मधेश कृषि विश्वविद्यालयका द्याक्आ ब्नाजयलक का विद्यार्थी, शिक्षक, कर्मचारीहरुसहित रजिष्ट्रार डा.श्रीभगवान ठाकुरको टोली कृषि महाविद्यालयवाट व्यानर र अनेको नाराका प्लेकार्डहरु लिएर गजेन्द्र नारायण सिंह चोक मा जम्मा भएर डिविजन वन कार्यालयका प्रमुख हेमन्त साहको टोली, जिल्ला प्रहरी कार्यालय प्रमुखको टोली, सशस्त्र प्रहरी कार्यालय प्रमुखको टोली, नेपाल आर्मीका प्रमुखसहितको टोली जम्मा भइ प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको विशेष आतिथ्यमा प्रभात फेरि गर्दै जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा पुगियो ।

जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा आँप, लिची र कागतीका विरुवाहरु रोपेर विश्व वातावरण दिवस मनाएको छ । सोही कार्यक्रममा प्लाष्टिक टिप्ने तथा सरसफाइका कार्यक्रम गरिएका थियो ।

अन्तमा मधेश कृषि विश्वविद्यालयका रजिष्ट्रार डा.श्रीभगवान ठाकुरले विश्व वातावरण दिवसको ईतिहास, औचित्य, नीतिगत व्यवस्था, महत्व वारे प्रकाश पार्नु भयो तथा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले प्लाष्टिकको प्रयोगबाट मानव, जिवजन्तु, कृषि तथा समुन्द्री पर्यावरणमा परेको प्रभाव वारे विशेष मन्तव्य राखेका थिए ।

**तीब्र गतिमा मोटरसाइकल नचलाऔं**

**मोटरसाइकल दुर्घटना तथा मानवीय क्षति रोक्न सामुहिक प्रयास गरौं ।**

१. मोटरसाइकल चलाउँदा अनिवार्य रुपमा गुणस्तरीय हेल्मेट प्रयोग गरौं ।
२. मोटरसाइकल स्टार्ट गर्दा साइड स्ट्यान्ड माथि सार्न नबिर्सौं ।
३. भीडभाड, व्यस्त सडक तथा ग्रामिण बाटोमा गियर घटाएर विस्तारै मोटरसाइकल चलाऔं ।
४. जतिसुकै हतार भए पनि ओभरटेक वा पूरै सडक ओगटेर मोटरसाइकल नचलाऔं । सधैं आफ्नो साइडमा रहौं ।
५. ओभरटेक गर्नै पर्ने भए टर्न गर्दा इन्डिकेटर बाल्न नबिर्सौं ।
६. अनिवार्य रुपमा जुत्ताको प्रयोग गरौं । आवश्यकता अनुसार हात र खुट्टाको दुवै ब्रेक प्रयोग गरौं ।
७. उमेर नपुगेका तथा सवारी चालक अनुमति–पत्र नभएका व्यक्तिलाई मोटरसाइकल चलाउन नदिऔं ।
८. दुई जना भन्दा बढी व्यक्ति सवार रहेमा, उमेर नपुगेका बालबालिका चालक रहेको तथा अनियन्त्रित एवम् तीब्र गतिमा मोटरसाइकल चलाएको पाईएमा अविलम्ब रोकेर प्रहरीलाई खबर गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## क्षीरेश्वरनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरू करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०२।२३)

बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण (रेमी) परियोजना नेपाल सरकार र स्वीस सरकार वीचको द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालित छ । यस रेमी परियोजना अन्तर्गत क्षीरेश्वरनाथ नगरपालिकामा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनःएकीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण अनुसारको निवेदन यसकार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | छैठौं तह | १ (एक) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड.स्वास्थ्य शिक्षामा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। - सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ । |
| २ | रोजगार परामर्शकर्ता | छैठौं तह | १ (एक) | - मान्यता प्राप्त र शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभलपुरा गरेको र रोजगार प्रवर्द्धन कोक्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको । - वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता । |
| ३ | समाजिक परिचालक | पाँचौ तह | २ (दुई) (१ जना महिला अनिवार्य) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीबाट फर्केको । - स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता । |

(१) **कार्य अवधि** : हाललाई आ.व. २०७९/०८० को मसान्त सम्म, परियोजनाको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ ।

(२) **परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता । (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुनःएकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन्) ।

(३) **आवश्यक कगजातहरु र दरखास्त दिने स्थान** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साईजको तीन प्रति फोटो, परिवार परामर्शकर्ताको हकमा छ महिनाको तालिम प्रमाणपत्र, रोजगा रपरामर्शकर्ताको हकमा उद्यम विकास सहजकर्ता लेभल २ उतिर्ण गरेको प्रमाणको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित क्षीरेश्वरनाथ नगरपालिकाको कार्यालयमा कार्यालयको समय भित्र पेश गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

(४) **उमेर हद:**

- **परिवार परामर्शकर्ता र रोजगारपरामर्शकर्ताको हकमा** :– दरखास्त दिने अन्तिम मितिसम्मा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुन पर्ने ।
- **समाजिक परिचालकको हकमा**:– दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुन पर्ने ।

(५) **परीक्षा दस्तुर:**– **परिवार परामर्शकर्ता र रोजगारपरामर्शकर्ताको हकमा**:– १०००/- (एक हजार मात्र) ।
**समाजिक परिचालकको हकमा**:– ५००/- (पाँच सय मात्र)
(परीक्षा वापतको दस्तुर यस नगरपालिकाको प्रशासन शाखाबाट आवश्यक कागजात रुजु गराए पश्चात यस नगरपालिकाको राजश्व शाखाबाट दस्तुर बुझाउनु पर्ने छ ।)


(६) **छनौट प्रक्रिया** : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्ता परिक्षामा समावेश गरिनेछ । अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समवेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ ।

(७) **दरखास्त दिने अन्तिम मिति**: २०८०।०३।०५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

(८) **दरखास्त फारम पाउने स्थान**: क्षीरेश्वरनाथ नगरपालिकाको प्रशासन शाखा ।

(९) **तलब तथा अन्य सुविधा** : परियोजनाको नियम अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### नागरिकतामा किचलो किन ?

संसदबाट पारित भइसकेको नागरिकता सम्बन्धी विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेपछि नागरिक बन्न पाउने ७ लाख भन्दा बढी युवायुवतीहरु खुशी भएका थिए । पिता नागरिक भए पनि सन्तान अनागरिक नै थिए । सर्वोच्च अदालतको निर्देशन बमोजिम सरकारले कानुन बनाएर जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिने प्रक्रिया अगाडि बढाउन लाग्दा फेरि सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरी रोकेको छ । विगतमा पनि सरकारले नागरिकता दिने निर्णय गर्दा सर्वोच्च अदालतले कानुन बनाएर मात्र दिन निर्णय गरेको थियो । तर कानुन बनेपछि फेरि सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै कार्यान्वयनलाई रोकेको हो । नागरिकता वितरणको प्रक्रिया जिल्ला प्रशासन कार्यालयहरुबाट सुरु भएको थिएन् । वडा कार्यालयहरुले पनि सिफारिस गरेन् । अध्यादेशबाट बनेको कानुनलाई सर्वोच्च अदालतले रोक लगाएको छ । सर्वोच्च अदालतको आदेश नआउँदै पनि पालिकाको वडा कार्यालयहरुले सिफारिस दिएको थिएन् । जिल्ला प्रशासन कार्यालयहरुलेपनि त्यसको कार्यान्वयन गरेको थिएन् । राजपत्रमा प्रकाशित भइसके पनि कार्यान्वयन नहुँदै नागरिकता ऐनमाथि रोक लगाइएको छ । ऐन कार्यान्वयन नहुँदा जन्मसिद्ध नागरिकका सन्तानहरु अनागरिक नै रहने भएका छन् । गैरआवासीय नेपाली नागरिक(एनआरएन)ले पनि नेपाली नागरिकताबाट बञ्चित भएका छन् । एनआरएनलाई पनि सरकारले नेपाली नागरिकता उपलब्ध गराउने प्रावधानसहितको कानुन बनाएको थियो । एनआरएनले सम्पत्ति सम्बन्धी अधिकार पाए पनि मतदान र प्रशासनिक अधिकारमा भने रोक लगाइएको थियो । दक्षिण एसियामा रहेका एनआरएनलाई नागरिकता दिने प्रावधान छैन् । एनआरएनलाई पनि नागरिकता ऐन कार्यान्वयन नहुँदा उनीहरुले लामो समयदेखि गरेको प्रयास सार्थक हुन सकेन् । तर उनीहरुको भन्दा पनि ठूलो नोक्सान जन्मसिद्धका सन्तानलाई भएको छ । जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता उपलब्ध गराउने प्रावधान कानुनमा राखिएको छ । नागरिकता अभावमा जन्मसिद्धका सन्तानलाई सर्वाधिक कठिनाइ अध्यनमा भइरहेको छ । नागरिकता विना उनीहरु नेपालमा उच्च शिक्षाका लागि अयोग्य छन् । कक्षा ११ मा नै नागरिकता अनिवार्य मागिएपछि जन्मसिद्ध नागरिकका सन्तानलाई समस्या भएको हो । यस समस्याको कारण ७ लाख भन्दा बढी युवायुवतीहरु प्रभावित छन् । त्यो संख्या हरेक वर्ष बढ्दो छ ।जन्मसिद्ध लिएका नेपालीका सन्तानलाई वंशज नागरिकता दिन वर्तमान सत्ताधारी दलहरु एकजुट छन् ।तर सत्ता बाहिर रहेका प्रमुख दलहरु नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले नागरिकता विधेयकको बिरोध गरिरहेका छन् ।उनीहरुल बैबाहिक अंगीकृत नागरिकता सम्बन्धी हालको सहज प्रावधानलाई परिवर्तन गरी ७ वर्ष पछि मात्र नागरिकता दिने प्रावधान राख्नुपर्ने दबाब सरकारलाई दिदै आएका छन् । देशको वास्तविक समस्या र त्यसको सहज निकास दिनुपर्ने सबै राजनीतिक दलहरुको प्रमुख दायित्व हो । कुनै पनि नेपाली आफ्नै देशमा अनागरिक भएर बस्नुपर्दाको पीडा दलका नेताहरुले बुझ्नै पर्छ । हुनत नागरिकता आवश्यक भएका युवायुवतीहरुका अभिभावकहरुले चुनावमा नागरिकता विरोधीलाई नै मतदान गरेका थिए । त्यो अपराधको बोध उनीहरुलाई अझै भइसकेको छैन् । यो समस्या त्यसकारण पनि आएको हो ।

# नागरिकताको द्वन्द्व



रोशन जनकपुरी

सरकार (मन्त्री परिषद्)को आग्रहमा राष्ट्रपतिले प्रमाणित गरिसकेको नागरिकता संशोधन विधेयकको कार्यान्वयनमा सर्वोच्च अदालतले अन्तरीम आदेश मार्फत तत्काल रोक लगाएपछि जन्मसिद्ध नागरिकका सन्तानहरुको निम्ति स्थिति फेरी पुरानै अवस्थामा पुगेको छ । जेठ २६ गते सर्वोच्च अदालतले दुबै पक्षलाई बोलाएको छ । यस्को परिणाम के हुन्छ, भविष्यको विषय भयो, तर जन्मसिद्ध नागरिकका सन्तानहरुले हाल नागरिकताको प्रमाणपत्र पाउनुमा नयाँ अवरोध सिर्जना भएको छ ।

अर्कोतर्फ, सरकारले विधि पुऱ्याएर यो विधेयक नल्याएको भनेर प्रतिपक्षीदलहरुले यो विधेयक खारेज गरेर पुनः संसद मार्फत प्रक्रिया थाल्नुपर्ने माँग गर्दै संसद अवरुद्ध गरिरहेका छन् । जन्मसिद्ध नागरिकको सन्तानहरुले नागरिकताको प्रमाणपत्र पाउनु पर्छ भन्नेमा मौखिकरुपमा प्रायः सबै दलले स्वीकृति जनाउँछन्, तर व्यवहारमा भिन्नता छ । संसदमा नागरिकता संशोधन विधेयक प्रस्तुत हुँदा हरेक पटक कुनै न कुनै निहुँमा कसै न कसैले अवरोध सिर्जना गर्छ र त्यसपछि सबै एक स्वरले यस विधेयकको विरोध गर्न थाल्छन् । विगत कोट्याउने हो भने केपी ओली प्रधानमन्त्री हुँदा उनको सरकारले अध्यादेशमार्फत जन्मसिद्धको नागरिकता वितरण थाल्यो तर मुद्धा परेपछि सर्वोच्च अदालतले कानून बनाएर नागरिकता वितरण गर्नु भनेर रोक लगायो । अर्कोपटक ओली नेतृत्वको सरकार ढलेर प्रचण्ड नेतृत्वको नेका-माओवादी केन्द्रको सरकारले विगतमा ओली सरकारले व्यवस्था गरेको अध्यादेशलाई हुबहु विधेयक बनाएर राष्ट्रपति श्रीमति विद्या भण्डारीकहाँ प्रस्तुत गर्दा राष्ट्रपतिले प्रमाणित गर्नैपर्ने सम्वैधानिक धाराहरुलाई समेत उपेक्षा गरेर त्यस विधेयकलाई थन्क्याएर राखिदिइन् । यस्मा खुला रहस्य के छ भने उनले पूर्व प्रम तथा एमाले अध्यक्ष ओलीको मनसाय अनुसार यस्तो गरेकी थिइन् भन्ने कुरा मिडियामा त्यतिबेला व्यापक चर्चा भएको हो ।

प्रतिनिधिसभाको नयाँ निर्वाचनपछि ओलीसंगको गठबन्धन भत्काएर नेकासंग मिलेर सरकार बनाएपछि प्रचण्ड नेतृत्वको गठबन्धन सरकारले तत्कालीन राष्ट्रपति भण्डारीले थन्काएर राखेको नागरिकता संशोधन विधेयक पारित गर्न वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलसंग आग्रह गऱ्यो । यस्तो आग्रहको कारण तत्कालीन राष्ट्रपति भण्डारीले अस्वीकृत नगरेर त्यो विधेयक राष्ट्रपति कार्यालयमा थन्किएको स्थिति हो । यस्तोमा वर्तमान राष्ट्रपतिले त्यसलाई प्रमाणित गर्नु पूर्व राष्ट्रपतिले अधुरा छोडेको काम पुरा गर्नु सरह हो ।मन्त्रीपरिषदको आग्रहमा राष्ट्रपति पौडेलले राष्ट्रपति कार्यालयमा थन्किएको सो विधेयक प्रमाणित गरे । यसको विरोधमा, एकातिर रिट परेपछि सर्वोच्च अदालतले अन्तरिम आदेश मार्फत रोक लगाएको छ, भने अर्कोतर्फ एमाले, राप्रपा र रास्वपा जस्ता दलहरुले संसद अवरुद्ध गरेर यसको विपक्षमा उत्तेजनात्मक वातावरण सिर्जना गर्ने प्रयत्न गरिरहेका छन् । उनिहरु मौखिकरुपमा आफूहरु वास्तविक नेपाली नागरिकले नागरिकताको प्रमाणपत्र पाउन भन्ने पक्षमा रहेको, तर संसदमा बहस र छलफल गरेर राष्ट्रपति कहाँ पठाउनुपर्ने सम्वैधानिक व्यवस्थालाई मिचेर सरकारले आफुखुसी गरेको भनेर विरोध जनाई रहेका छन् र विधेयक सम्बन्धमा फेरी शुरुबाट नै प्रक्रिया थाल्नुपर्ने अड्डी लिइरहेका छन् ।

नेपालमा नागरिकताको प्रमाणपत्र जन्मदेखी मृत्युसम्म आवश्यक पर्छ । शिक्षा, व्यवसाय, सरकारी सुविधा, जागिर, सरकारी स्वास्थ्य सुविधा, जग्गा खरिद बिक्री, विदेश भ्रमण,निर्वाचनमा भाग लिनु, मतदाता हुनु, जीवनका हरेक पाइलामा नागरिकताको प्रमाणपत्र आवश्यक छ । तर लाखौं जन्मसिद्ध नागरिकका सन्तानहरु नागरिकताको प्रमाणपत्रको अभावमा आफ्नै देशमा अपरिचित र बेकामको स्थितिमा छन् । ०७२ सालको सम्विधानले जन्मसिद्धको सन्तानले वंसजको आधारमा नागरिकता प्रमाणपत्र पाउनु पर्छ भनेर किटानी साथ भनेको छ । तर आवश्यक नियम र कानूनको अभावमा उनिहरुलाई नागरिकताको प्रमाणपत्र दिइएको छैन । प्रत्येक पटक सरकारले यस सम्बन्धमा ल्याएको अध्यादेश वा विधेयक कुनै न कुनै निहुँमा असफल हुँदै आएको छ । संक्षिप्तमा जन्मसिद्ध नागरिकको सन्तानहरुको नागरिकता संशोधनको रामकहानी यो नै हो ।

संसदमा राजनीतिक दलहरुको निम्ति यो नागरिकता विधेयक प्रकरण सत्तामा वर्चस्व वा आफूमात्रै श्रेय लिने प्रतिस्पर्धा मात्र होला, तर ती लाखौं नागरिकताको प्रमाणपत्रविहीन नेपाली नागरिकहरुको निम्ति यो जीवन र मरणको स्थिति हो । आफ्नै देशमा योग्य भएर लाखौं नागरिकहरुले नागरिकताको प्रमाणपत्र नपाउनु तथा अपरिचितको स्थितिमा बस्नुपर्ने बाध्यता कुनैपनि देशको निम्ति विस्फोटक र भयावह अवस्था हो । आफ्नो सत्ता स्वार्थ र राजनीतिक लेनदेनी नमिलेपछि, राजनीतिक दलहरुले नागरिकताको प्रमाणपत्र जस्तो सम्वेदनशील विषयलाई जसरी खेलाँचीको विषय बनाउँदैछन्, त्यसले देशमा नयाँ द्वन्द्वको खतरा निम्त्याउन सक्छ, भन्ने तर्फ सचेत हुन आवश्यक छ । अझ केही राजनीतिक पार्टीहरुले जन्मसिद्ध नागरिकको सन्तानलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने विषयलाई छिमेकी भारतको कूटनीतिक स्वार्थसंग जोडेर जसरी व्याख्या गरिरहेका छन्, त्यसमा संकीर्ण र एकल जातिय राष्ट्रवादको नमिठो गन्ध प्रष्ट अनुभूत हुन्छ ।

यथार्थ के हो भने जन्मसिद्ध नागरिकताको समस्या ००७ सालपछिका सरकारहरुले व्यवस्थापन गर्न नसकेर नेपालकै वास्तविक नागरिकहरुलाई नागरिकताको प्रमाणपत्र वितरण गर्न बाँकी रहेको समस्या हो । यस्तो नागरिकता पाउन बाँकीहरु मध्ये अधिकांश तराई मधेशका छन्, जोसंग त्यतिबेला न त जग्गा थियो, न उनिहरु नेपालीभाषा बोल्न जानेका थिए, न उनिहरुको अनुहार पहाडिया थियो, तर उनिहरु पुस्तौंदेखि तराई मधेशमा बस्दै आएका थिए, तथा सबै राजनीतिक सामाजिक परिवर्तनमा भागलिएर यस देशलाई एउटा सार्वभौम देश बनाउन आफ्ना रगत पसीना बगाए । यिनीहरुलाई जन्मको आधारमा नागरिकताको प्रमाणपत्र दिन प्रारम्भिक सरकारहरुले व्यवस्था गरे । नागरिकताको एउटा वर्ग अङ्गीकृतको पनि छ, जो विदेशी नागरिकले आफ्नो पुरानो नागरिकता त्यागेर माँग गर्नेलाई दिइन्छ । जन्मसिद्ध नागरिकता नेपाली नागरिकताको विशिष्ट वर्ग हो, जो वंशज नागरिकताको व्यवस्थापनभित्र नपर्ने, तर यसै देशमा जन्मेको (पुस्तोदेखि तर यथेष्ठ प्रमाण नभएको) वास्तविक नागरिकहरुको निम्ति गरिएको विशिष्ट व्यवस्था हो । तर तराई मधेशप्रतिको सत्ताको परम्परागत संकीर्ण राष्ट्रवादी दृष्टिकोणको कारण जन्मसिद्ध नागरिकहरुको व्यवस्थापन समयमै हुन नसकेर यो समस्या बन्दै गएको हो । समयसंगै लम्बिँदै गएपछि यस व्यवस्था अन्तर्गत केही मात्रामा दुरुपयोग भएको सम्भावनालाई पनि इन्कार गर्न सकिँदैन । तर यसै निहुँमा लाखौं योग्य नागरिकहरुलाई प्रमाणपत्रबाट वञ्चित गरिनु कुनैपनि दृष्टिले न्यायोचित हुन सकिँदैन । राज्यसत्ताको खुकुलो अवस्थाको फाइदा उठाएर जन्मसिद्ध मात्र होइन, वंशजको नाताले नागरिकता लिएका उदाहरणहरुपनि पर्याप्त छन् । यसबारे बेला बेलामा मिडियामा खबर समेत छापिने गरेकै छ । त्यसैले दुरुपयोग भएको छानबीन गर्नु तथा अवैध नागरिकता पत्ता लगाएर दोषीलाई सजाय गर्नु सरकारको दायित्वभित्र पर्छ, तर यो फरक विषय हो । त्यसैपनि वैधरुपमै नागरिकता वितरण गर्न गएका टोली मार्फत तथा त्यसै सिडियो कार्यालयबाट समेत पहाडिया अनुहारकै भरमा म्याँमार (बर्मा), असम सिक्किम, दार्जिलिंग आदि छिमेकी भारतबाट आएर वंशजको नाताले नागरिकता प्रमाणपत्र प्राप्त गरेका बग्रेल्ती परिचित पात्रहरुका कथाहरु छन् । यी परिचित पात्रहरुमा नेपाली भाषा साहित्य, संगीत र साँस्कृतिक क्षेत्रमा प्रसिद्ध व्यक्तित्वहरु छन् ।

नेपाली राजनीतिमा भारतीय विस्तारवाद कूटनीतिक यथार्थ हो । तर यसै निहुँमा तराई मधेशका गैर नेपालीभाषी जनतामाथी अविश्वास तथा भेदभावपनि अर्को यथार्थ हो । गणतन्त्रपछि यो समस्या समाधान हुने अपेक्षा बढेको हो । यस गणतन्त्र र संघीयताको निम्ति हिमाल, पहाड र तराई मधेश सबैले रगत र पसीना बगाए, सहादत दिए । त्यसैले यस संघीय गणतन्त्रबाट, विगतको सत्ताले थुपारेको जन्मसिद्ध नागरिकको समस्या हल हुने अपेक्षा गरिएको थियो । ०६४ सालमा अन्तरिम सम्विधानले गरेको व्यवस्था अनुसार जन्मसिद्ध नागरिकता वितरण पनि गरियो । तर नयाँ सम्विधानमा जन्मसिद्ध नागरिकका सन्तानहरुबारे केही नबोलेपछि समस्या नयाँ ढंगले देखिएको हो र संकीर्ण राष्ट्रवादीहरुले एकपटक फेरी टाउको उठाउने मौका पाएका हुन् । त्यो राजतन्त्रकालीन पुरानो चेतना, जस्ले तराई मधेशका गैर नेपालीभाषी जनतालाई अनागरिक ठान्छ, ती स्वरहरु अहिले राजतन्त्र मात्र होइन, आफूलाई कम्युनिस्ट र श्रमजीवि पक्षधर भन्ने राष्ट्रिय जनमोर्चा लगायत संघीयताविरोधी पार्टीहरुमा तीव्ररुपमा देखिएको छ ।

सत्ताको लेनीदेनीले यस समस्यालाई जसरी गिजोली रहेको छ, त्यसले स्थिति भयावहरुपमा विस्फोटक बन्ने खतरा छ । एमाले, राप्रपा र रास्वपा जस्ता संघीयताविरोधी पार्टीहरु नागरिकता संशोधन विधेयक खारेज गरेर संसदबाट पुनः प्रक्रिया शुरु गर्नुपर्ने तर्क गर्दैछन् । तर उनको नियतमा खोट छ, भन्ने बुझ्न गाह्रो छैन । त्यस्तो नभएको भए श्रीमति विद्याभण्डारी राष्ट्रपति हुँदा, तत्कालीन सरकारले यही विधेयक पेश गर्दा एमाले लगायतले सहजै पारित हुनदिनु पर्थ्यो । तर त्यसो भएन । एमाले लगायतकै दबाबमा राष्ट्रपतिले सम्वैधानिक प्रावधानको उपेक्षा गर्दै त्यस विधेयकलाई थन्काइन् । एमाले लगायतका दलहरुको स्वर यसपटकपनि भिन्न छैन । प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणमा गएको बेलामा यो विधेयक पारित गरेर कस्लाई खुशी पार्न यस्तो गरेको हो ? भनेर उनिहरुले यस विधेयकलाई भारतीय चासोको विषय बनाएर विवादास्पद स्थिति सृजना गर्ने दाउमा रहेको प्रष्ट छ । प्रधानमन्त्री प्रचण्डका भारतीय निकटताका विविध आलोचना आफ्ना ठाउँमा छन्, तर यसै निहुँमा नागरिकता विधेयकलाई विवादास्पद बनाउन खोज्नु भित्र संकीर्ण राष्ट्रवादी कुटिल नियत नै हो । यस्को माध्यमबाट उनिहरु पहाड र हिमालका सोझा जनताहरु बीच संकीर्ण राष्ट्रवादी उत्तेजना फैलाएर आफ्नो राजनीतिक हित साध्न खोजिरहेकोपनि प्रष्ट छ ।

यस समग्र चित्रले, देशमा गणतन्त्र र संघीयता आएपनि परम्परागत एकल जातिय संकीर्ण राष्ट्रवाद अहिलेपनि समस्याको रुपमा रहेका प्रष्ट देखिएको छ । यहाँ अर्को उल्लेखनीय के छ भने, यस पटक सरकारले पारित गरेको विधेयक जन्मसिद्ध नागरिकको सन्तानहरुसंग सम्बन्धित छ, तर एमाले लगायतका प्रतिपक्षी पार्टीहरुले यसलाई वैवाहिक अङ्गीकृत अर्थात नेपाली नागरिकसंग विवाह गरेर विदेशी महिलाले प्राप्त गर्ने नागरिकताको विषयलाई उठाएर भ्रम छरिरहेका छन् । वैवाहिक अङ्गीकृत बारे अहिले पुरानै व्यवस्था कायम छ । विदेशी महिलाले नेपाली नागरिकसग विवाह गरेपछि तत्कालै नागरिकता पाउनु पर्ने वा केही वर्षपछि नागरिकता दिइने हो, भन्ने विषयमा सहमति असहमति बारे संसद वा संसद बाहिर फरक विमर्श वा संसदमा प्रस्ताव ल्याइनु पर्ने हो? यो भिन्न विषय हो ।तर उनिहरु यसै निहुँमा जन्मसिद्ध नागरिकका सन्तानहरुको नागरिकता प्राप्तिमा अवरोध सिर्जना गरिरहेका छन् । निश्चय नै यो उचित होइन । अझ तराई मधेशमा अनेक वाचा गरेर भोट लिएर सांसद र मन्त्री बन्ने, तर तराई मधेशका जनताका सन्तानहरुलाई पुरानै मानसिकताले हेर्ने तथा नागरिकता पाउन हर तरहले योग्य भएपनि राज्यसत्ताका राजनीतिक, आर्थिक र साँस्कृतिक सबै अवसरबाट वञ्चित गराउनु राजतन्त्रवादी राजनीतिक र साँस्कृतिक चिन्तनको निरन्तरता नै भन्नु पर्छ ।

यस पुरानो चेतनाबाट मुक्त हुनसकिएन भने देशमा पुराना द्वन्द्वहरु नयाँ सिराबाट जन्मिने खतरापनि उत्तिकै छ । यसपटक फेरी नागरिकताको प्रमाणपत्र पाउने उत्साहमा रहेका जन्मसिद्ध नागरिकका सन्तानहरुको अपेक्षामा तुषारापात भएको छ ।यसकारण उनिहरुमा आक्रोशको स्वर बढनु स्वाभाविक हुनेछ । यस्तोमा यस समस्यालाई समयमै समाधान गर्न सकिएन भने यसले देशलाई नयाँ र भयावह जातिय द्वन्द्वमा धकेल्नसक्ने सम्भावनाबाट इन्कार गर्न सकिँदैन । समयमै सचेतता राम्रो ।

# विश्व वातावरण दिवस र प्लाष्टिक प्रदूषण



डा.श्रीभगवान ठाकुर

५ जून २०२३ का दिन संसारभरि झैं विश्व वातावरण दिवस ९द्यभबत एबिकतष्अ एर्यागितष्यल०‘‘प्लाष्टिक प्रदुषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौ’’ भन्ने मूल नाराका साथ मनाएको छ । यस वर्षलाई विश्व वातावरण दिवसको स्वर्ण वर्ष (१९७३-२०२३)को रुपमा मनाउने अवसर प्राप्त भएको छ । सन् १९७३ देखि आरम्भ भएको वातावरण दिवस नेपालका वातावरण सम्बन्धी चासो राख्ने सबै तहका संघसंस्थाहरुले प्रायः १९९२ देखिसक्रिय रुपमा जनचेतना जगाउने उदेश्यले यस दिवस मनाउने गरेको पाईन्छ । प्लाष्टिक मानव जीवनको अपरिहार्य वस्तु तथा प्रविधिको रुपमा लिइएकोछ । मानवलाई चाहिने खाना, पानी, आवास, कपडा, विलासिता, प्रविधि, औजार उपकरण, यातायात, मनोरंजन, प्याकेजिंग, भंडारण, आदिका सामग्रीहरु प्लाष्टिकको नै प्रयोग गरिन्छ । संसारभरि प्लाष्टिकलामो समयदेखि अत्यधिक मात्रामा र अनियन्त्रित तरीकाले प्रयोग भएकोले प्रदूषण हाम्रो सामु ठूलो समस्याको रुपमा खडा भएको छ ।

### विश्व वातावरण दिवसको इतिहास

विश्व उष्णीकरण, वन विनास, प्लाष्टिक प्रदूषण, हरितगृह ग्यास उत्सर्जन जस्ता विभिन्न वातावरणीय समस्याहरूबारे जनतालाई सचेत गराउन विश्व वातावरण दिवसकोआरम्भ गरिएको हो। यो सन् १९७३ मा संयुक्त राष्ट्र संघको महासभाद्वारा अस्तित्वमा ल्याइएको थियो र धेरै प्रभावकारी अभियानहरूसंगै पहिलो पटक पेश गरिएको थियो । यस दिवसको उद्देश्य सबैले मिलेर वातावरण संरक्षणमा कसरी ठूलो भूमिका खेल्न सक्छ भन्ने बारे जनतालाई सचेत गराउनु थियो ।

### वातावरण सम्बन्धी नीतिगत व्यवस्था

दिगो विकास लक्ष्यको १३औं लक्ष्यले जलवायु परिवर्तन वातावरणीय विपद् प्रतिकार्यमा जोड दिएको छ भने नेपालको संविधान २०७२ को दफा ३० मा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक कायम गरेको छ । त्यस्तै वातावरण संरक्षण ऐन २०७६ ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हनु क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबीच समुचित सन्तलुन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चनुौतीलाई सामना गर्नको लागि वातावरण संरक्षणमा जोड दिएको छ ।नेपालको १५औं योजनाले पनि वातावरण संरक्षणमा यथेष्ठ प्राथमिकता दिएको छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाँउपालिका तथा नगरपालिकाहरूलाई आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक तथा वार्षिक क्षेत्रगत योजना बनाउन सक्ने अधिकार सुनिश्चित गरेको छ । यसले योजना निर्माणको प्रक्रियामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद्व्यवस्थापन, सुशासन आदि विषयलाई आधार बनाउनुपर्ने कुरा समेत उल्लेख गरेको छ । यी नीतिगत प्रावधानहरूले संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले वातावरण सम्बन्धी योजनाहरू निर्माण गरी वातावरण सम्बन्धी समस्याहरु समाधानमा योगदान पुरयाउन सकिने व्यवस्था रहेको छ ।

### प्लास्टिक प्रदूषण

विभिन्न प्रदूषणहरुमध्ये प्लास्टिक प्रदूषण धेरै नै खतरनाक तथा प्रमुख रहेको छ । वातावरणमा प्लाष्टिकको फोहोर जम्मा हुँदा प्लास्टिक प्रदूषण हुन्छ । यसलाई प्राथमिक, सहायक, शुक्ष्म प्लास्टिकहरूमा वर्गीकृत गर्न सकिन्छ । प्राथमिकप्लाष्टिकमा सिगरेटको बटाहरू र बोतलको ढकनहरू, सहायक प्लास्टिकहरू, जुन प्राथमिक प्लाष्टिकको विघटनको परिणाम हो। यसलाई यसको आकारबाट पनि परिभाषित गर्न सकिन्छ, माइक्रोप्लास्टिक्स - वातावरणमा छरिएका प्लास्टिकका साना कणहरू (?५ मिमी) - म्याक्रोप्लास्टिक्ससम्म।

प्लास्टिक प्रदूषणविभिन्न रूपमा हुन्छः फोहोर संकलन, सामुद्रिक फोहोर, प्लास्टिकका टुक्राहरू वा सूक्ष्म कणहरू र अजैविक नकुहिने माछा मार्ने जालहरू जम्मा गर्ने, जसले वन्यजन्तु र फोहोरलाई जालमा फसाउँछ ।प्लास्टिकका वस्तुहरू खाँदा जनावरहरूको मृत्यु हुने, फोहोर कस्मेटिक र शरीर सौन्दर्यका उत्पादनहरूबाट प्लास्टिकको माइक्रोप्लास्टिक र माइक्रो कणिकाहरूले प्रवेश पाउँछ ।

### प्लास्टिक प्रदूषणको कारणहरू

सन्१९५० पछि प्लाष्टिकको व्यावसायिक विकास भएको पाईन्छ। यसको उल्लेखनीय गुणहरु आकार दिन सजिलो, तुल्नात्मक रुपमा कम लागत, ढुवानी सजिलो, आकर्षक आवरण दिन सकिने, मेकानिकल प्रतिरोध, आदिलेयसको विश्वव्यापी उत्पादन तीव्र रूपमा बढिरहेको छ। प्लास्टिक मूलतः जताततै उपलब्ध भएको कारण यसकालापरवाहीपूर्ण उपयोग प्लास्टिक प्रदूषणको मुख्य कारणको रुपमा लिन सकिन्छ ।



समुद्री फोहोरको ८०% जमिनबाट आउँछ। यो प्रदूषण मुख्यतया घरेलु फोहोरबाट आउँछ, जुन नराम्रोसँग पुनः प्रशोधन गरिन्छ, ल्यान्डफिलहरूमा फ्याँकिन्छ वा प्रकृतिमा फालिन्छ। यो फोहोर हावाले बोकेको हुन्छ, वर्षाले ढल, खोला, नदी र अन्ततः समुन्द्रमा नै धकेलिन्छ। बाढी जस्ता प्राकृतिक प्रकोपलाई पनि प्लास्टिक प्रदूषणको अन्य कारणका रूपमा लिनुपर्छ।

### प्लास्टिक प्रदूषणका प्रभावहरू

प्लास्टिक प्रदूषणले जमिन र नदीमा वन्यजन्तु र बासस्थानलाई असर गर्दै मानव स्वास्थ्य, वातावरण तथा जीवजन्तुमा समेत असर पारिरहेको छ ।

#### वातावरणमा

यो प्लास्टिकले फोहोर कसिंगर विभिन्न तरिकाले एक रासायनिक प्रदूषण उत्पादन गर्दछ । तिनीहरूमा यौगिकहरू हुन्छन् जुन निल्ने समयमा जीवहरूमा रासायनिक रूपमा रुपान्तरण हुन्छ। यी मध्ये केही अणुहरू सम्भावित रूपमा विषाक्त हुन्छन् र शरीरमा जम्मा हुन सक्छन्। यसका साथै प्लाष्टिकका झोलाले कृषि क्षेत्रमा प्रकाश संश्लेषण प्रक्रियामा बाधा पुऱ्याएर बालीनालीको बृद्धिमा पनि असर गर्छ ।

#### जीव जनावरहरूमा

प्लाष्टिक प्रदूषणको सबैभन्दा प्रत्यक्ष असर जनावर हरूलाई जाल वा ठूलो फाहोर कसिंगरमा कैद गर्नु हो । यो समुद्री स्तनधारी, कछुवा र चराहरूको महत्वपूर्ण मृत्युको कारण हो। दोस्रो प्रत्यक्ष प्रभाव फोहोरहरु निल्नाले पनि हो, जसले समुद्री पारिस्थितिकी तंत्रको सम्पूर्ण खाद्य श्रृंखलालाई नै चिन्ता खडा गरेको छ।

#### मानवमा

प्लास्टिक उत्पादनको क्रममा प्रयोग हुने रासायनिक योजकको कारण, प्लास्टिकले मानव स्वास्थ्यमा सम्भावित रूपमा हानिकारक प्रभाव पार्छ। प्लास्टिकबाट निस्कने विषाक्त रसायनहरूको जोखिमले क्यान्सर, जन्मदोष, कमजोर प्रतिरक्षा र अन्य स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ।

### प्लास्टिक प्रदूषण सम्बन्धी केही तथ्यहरू

हरेक वर्ष १करोड २० लाख टन प्लाष्टिक समुद्रमा प्रवेश गर्छ । जसमध्ये ९५ लाख टन जमिनबाट समुद्रमा प्रवेश गर्छ भने १.७५ टन माछा मार्ने उद्योगबाट सिधै समुन्द्रमा फ्याँकिन्छ । त्यहाँ लगभग ५१खरब माइक्रोस्कोपिक प्लास्टिक टुक्राहरू छन्, २६९,०००टन तौलरहेको छ ।कुल उत्पादन भएको प्लास्टिकको ९% मात्र पुनः प्रयोग गरिन्छ।विश्वभर हरेक मिनेटमा २० लाख प्लास्टिकका झोलाहरू प्रयोग गरिन्छ।हरेक दिनको हरेक मिनेट प्लाष्टिकको ट्रक समुन्द्रमा फालिन्छ।विश्वव्यापी रूपमा समुद्र तटको फोहोरको७३% प्लास्टिक हो।

संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रम (ग्लभ्ए) को अनुसार, हरेक वर्ष ३०करोड टन प्लास्टिक उत्पादन हुन्छ, र यो सबै पुनःप्रशोधन हुँदैन। त्यो सम्पूर्ण मानव जनसंख्याको वजन बराबर रहेको छ।हाम्रो प्लाष्टिक खपतले वातावरणमा पार्ने असरलाई बुझ्ने उपभोक्ताको हैसियतमा पनि हामी भर पर्दछौं। हरेक मिनेटमा १० लाख प्लास्टिकका बोतलहरू किनिन्छन् । २०५० सम्ममा समुन्द्रमा माछा भन्दा धेरै प्लास्टिक हुन सक्छ । ९५% सम्म प्लाष्टिक प्रदुषण गर्ने महासागर १० वटा नदीहरुले बोकेका छन् । सन् २०५० सम्ममा ९९% समुद्री चराहरूले प्लास्टिक खानेछन् ।औसत व्यक्तिले प्रत्येक वर्ष७०,००० माइक्रोप्लास्टिक खान्छ ।प्लास्टिकको झोला प्रयोग गर्ने औसत समय मात्र १२ मिनेट हो । विगत ५०वर्षमा, विश्व प्लास्टिक उत्पादन दोब्बर भएको छ ।

### प्लास्टिक प्रदूषण रोकथाम

प्लास्टिक प्रदूषणका विकराल समस्यालाई सरकार तथा मानवले ध्यान दिएन भने जैविकविविधता, बाली नाली, वातावरण, मानव जाति नै खतरामा पर्ने देखिन्छ । त्यसैले यसको लागि सबै सरोकारवालाहरु संवेदनशील भई न्यायोचित तरीकाले न्यूनीकरण, पुनः प्रयोग हुने, कुहिने, पुनःप्रशोधन हुने खालका कार्यहरु गर्नु पर्ने हुन्छ ।

हाम्रा महासागरहरू सफा गर्नु धेरै महत्त्वपूर्ण पहिलो चरणका रोकथाम हो तर दीर्घकालीन समाधान होइन, प्लास्टिक प्रदूषणलाई सम्बोधन गर्ने उत्तम तरिका भनेको धेरै उपयोगी सामग्रीको साथ हाम्रो मानसिकता र बानीहरू परिवर्तन गर्नु हो ।

#### १. न्यूनीकराण

प्लास्टिक प्रदूषणलाई प्रभावकारी रूपमा कम गर्नु पर्ने र प्लास्टिकको प्रयोगलाई कम गर्न आवश्यक छ। यसको अर्थ हाम्रो दैनिक व्यवहार परिवर्तन गर्नु र प्लाष्टिकको राम्रो विकल्प भएको बेला प्रयोग नगर्नु र आवश्यक परेको बेला मात्र प्लाष्टिक प्रयोग गर्नु हो।

#### २. पुनः प्रयोग

प्लास्टिकले खराब व्यवस्थापन गर्दा प्रदूषण निम्त्याउन सक्छ तर यसको धेरै फाइदाहरू पनि छन्, जस्तै प्रतिरोधी हुनु। त्यसैले धेरै प्लास्टिक वस्तुहरू पुनः प्रयोग वा विभिन्न उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ। प्लाष्टिकका वस्तुहरू फ्याँक्नु अघि, तिनीहरूलाई कसरी पुनः प्रयोग गर्न सकिन्छ भनेर विचार गर्न महत्त्वपूर्ण छ।

#### ३. पुनःप्रशोधन

प्लाष्टिक पुनःप्रशोधनमा प्लास्टिकको फोहोर जम्मा गरी नयाँ उत्पादनहरूमा पुनः प्रशोधन गरी समावेश गर्ने र फोहोर प्रवाहमा प्लाष्टिकको मात्रा कम गर्ने आदि कुरा समावेश गरिन्छ।

अतः प्लाष्टिक मानव जीवनको आवश्यक वस्तु भएता पनि अनियन्त्रित प्रयोगले मानव, जीवजन्तु, बनस्पति, वातावरण, पारिस्थितिकिय प्रणाली, आदिमा घातक प्रभाव पारेकोले सरोकारवाला सबैले बैकल्पिक वातावरण मैत्री वस्तु र प्रविधिको खोज, अणवेषण, अनुसंधान, योजना निर्माण गरी क्रमशः प्लास्टिक प्रयोगमा निर्मूल पार्ने दिशा अग्रसर हुनु पर्ने देखिन्छ ।

# नागरिकता विधेयक पुनःसंसदमा ल्याउनुपर्छ : नेता ओली



काठमाण्डु । प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नागरिकता विधेयक फेरि संसद्मा ल्याउनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकलाई सम्बोधन गर्दै उहाँले अघिल्लो संसदले पारित गरेको विधेयक मन्त्रिपरिषद्को अनुरोधमा अहिले राष्ट्रपतिले प्रमाणीकरण गर्नु विधिसम्मत नभएको र त्यसलाई पुनः संसदमा ल्याउनुपर्ने आफ्नो पार्टीको धारणा रहेको उहाँको भनाई थियो। उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हालै सम्पन्न भारत भ्रमण सफल हुन नसकेको टिप्पणी पनि गर्नुभयो। उहाँले प्रधानमन्त्रीको भारत भ्रमण फितलो प्रदर्शन भएको आरोप पनि लगाउनुभयो।

भारतसँगको द्विपक्षीय वार्तामा बस्दा नेपालको परराष्ट्र मन्त्रालयको प्रतिनिधित्व नदेखिएको तथा महत्वपूर्ण वार्ताका समयमा समेत मन्त्री, सचिव, शिष्टाचार महापाल पनि बैठकस्थलमा नदेखिने गरेकाले भारतको औपचारिक भ्रमण फितलो हुन पुगेको उहाँले आरोप थियो।

पूर्वप्रधानमन्त्री नेता ओलीले असंलग्न परराष्ट्र नीतिलाई नेपालले विर्सन नहुने सुझाव पनि दिनुभयो।

बङ्गलादेश र भारतले जमिन लेनदेन गरेर सीमा समस्या समाधान नभएको दृष्टान्त पेश गर्दै नेता ओलीले जमिन दिएर बङ्गलादेश मोडेलमा सीमा समस्या हल गर्न खोजिएको भन्ने चर्चा बजारमा सुनिएकाले यस्तो कुरा सोच्न पनि नसकिने उहाँले बताउनुभयो।

यस्तै उच्चस्तरीय भ्रमणका समयमा आफ्ना छिमेकीसँग आफ्नो जमिन मिचिएकोदेखि लिएर आफूलाई परेका सबै अप्ठ्यारोहरुलाई राख्नुपर्ने उहाँको सुझाव थियो। नेता ओलीले नेपाली भूमि लिपुलेक, लिम्पियाधुराको सीमाको नक्शा दुवै सदनबाट सर्वसम्मतले पारित भएको र ब्रिटिश संसदमा रहेको प्रमाणले पनि यसको पुष्टि गर्ने बताउनुभयो। रासस

# मेरो ध्यान उत्पादन बढाउने र रोजगारी सिर्जनामा केन्द्रित छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो सम्पूर्ण ध्यान उत्पादन बढाउन र रोजगारी सिर्जना गर्नेतिर भएको बताउनुभएको छ।

काठमाण्डु विश्वविद्यालय सभाको ९७औँ बैठकलाई आज बिहान बालुवाटारमा सम्बोधन गर्दै उहाँले भन्नुभयो, "हामी सबैले मेहनत गरेर उत्पादन वृद्धि र रोजगारीको वातावरण बनाउनेतिर जानुपर्दछ ।" उहाँले काठमाडौँ विश्वविद्यालयले स्वदेशमै रोजगारी सिर्जना गर्न खेलेको भूमिका महत्वपूर्ण भएको बताउनुभयो । "आफूले उत्पादन गरेको जनशक्तिलाई देशभित्रै खपत गर्ने वातावरण बनाउनको निम्ति सरकारलाई सहयोग गर्ने जिम्मेवारी यो विश्वविद्यालयको हो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामी अलिक धेरै नै राजनीति गर्ने जस्ता भयौँ। हरेक कुरामा राजनीति मात्र हुँदा देशमा आर्थिक, शैक्षिक र उत्पादनका विषय पछि परे।"

प्रधानमन्त्रीले जहाँ अनुशासन कायम भयो, जहाँ विकास निर्माणका कामलाई प्राथमिकता दिने काम भएको उल्लेख गर्नुभयो । त्यस्तो अवस्थामा अनावश्यक राजनीतिक खिचातानी गर्ने ठाउँ नरहने र देशले आर्थिक विकासमा फड्को हान्ने वातावरण बन्ने स्पष्ट पार्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "विभिन्न देशको अनुभव हेर्दा देख्न थाहा पाउन सक्छौँ। उत्पादनको विकास भएर धनी हुँदै गए रोजगारी पनि सोही अनुरुप सृष्टि हुँदै जाने र दक्ष जनशक्ति पनि तयार हुने रहेछ।"

सो अवसरमा काठमाडौँ विश्वविद्यालयका पदाधिकारीले विश्वविद्यालयको शैक्षिक कार्यक्रम र आगामी कार्यभारका विषयमा प्रस्तुति दिनुभएको छ। रासस

# वातावरण प्रदूषण नियन्त्रणका लागि सबैले आफैबाट सुरुवात गरौँ : वन मन्त्री महतो

काठमाण्डु । वन तथा वातावरण मन्त्री डा वीरेन्द्रप्रसाद महतोले मानवीय क्रियाकलापका कारण वातावरण प्रदूषण दिनहुँ बढ्दै गएकाले नियन्त्रण गर्न सबैले आफैबाट सुरुवात गर्नुपर्ने बताउनुभएको छ। विश्व वातावरण दिवसका अवसरमा वातावरण विभागले आज यहाँ आयोजना गरेको मूलसमारोहलाई सम्बोधन गर्दै उहाँले मन्त्रालयमातहतका निकायमा वातावरणसम्बन्धी काममा दोहोरोपन हुन नहुने उल्लेख गर्नुभयो। मातहतका निकायलाई निर्देशन दिँदै मन्त्री महतोले भन्नुभयो, "परिणाम देखिने गरी कार्यदिशा र योजना आजैका मितिदेखि बनाउनुस्।"

दक्षिण एसियाका प्रायः मुलुकमा युरो-३ स्टाण्डर्डभन्दा माथिका सवारीसाधन चल्ने गरेको तथ्य उल्लेख गर्दै उहाँले प्रश्न गर्नुभयो, "नेपालमा अझै पनि युरो-३ स्टाण्डर्डका सवारीसाधन किन आयात भइरहेका छन्।"

मन्त्री महतोले पुराना र बढी धुवाँ फाल्ने सवारीसाधन विस्थापित गर्ने, युरो-३ स्टाण्डर्डभन्दा माथिका सवारी आयात हुने गरी एक हप्ताभित्र प्रतिवेदन तयार गर्न विभागलाई निर्देशनसमेत दिनुभयो। संयुक्त राष्ट्रसङ्घको मूल नारालाई स्थानीयकरण गर्दै नेपालमा यसवर्ष 'प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौँ, वातावरणमैत्री विकल्पको उपयोग गरौँ' भन्ने नाराका साथ वातावरण दिवस मनाइँदैछ।

संयुक्त राष्ट्रसङ्घको महासभाले गरेको घोषणा तथा वातावरणीय कार्यक्रमको अग्रसरतामा सन् १९७३ देखि प्रत्येक वर्ष जुन ५ का दिन विश्वभर विश्व वातावरण दिवस मनाइन्छ। नेपालले पनि प्रत्येक वर्ष उक्त दिवस मनाउँदै आएको छ।

कार्यक्रममा पूर्वमन्त्री गणेश साहले सबै प्रकारका प्रदूषणमा प्लास्टिकको महत्वपूर्ण हिस्सा रहेको उल्लेख गर्दै वातावरणको मुद्दा अब स्वास्थ्यको मुद्दा भइसकेको बताउनुभयो। उहाँले मुलुक सङ्घीयतामा गइसकेको अवस्थामा वातावरणसम्बन्धी विद्यमान ऐन, नियम र नीति परिमार्जनको आवश्कता औँल्याउनुभयो।




प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव बैकुण्ठ अर्यालले प्रकृतिले मानिसलाई धेरै कुरा दिएको भए पनि मानिसकै क्रियाकलापका कारण प्रकृति कुरुप बन्दै गएकाले सबै सचेत हुनु आवश्यक छ भन्नुभयो । उहाँले प्लास्टिकजन्य प्रदूषण नियन्त्रणका लागि प्लास्टिकको पुनःप्रयोगमा जोड दिन आग्रह गर्नुभयो।

विभागका महानिर्देशक शिवलाल तिवारीले वातावरण प्रदूषण नियन्त्रणका चुनौतीमध्ये प्लास्टिकजन्य प्रदूषण ठूलो चुनौतीका रुपमा रहेको र यसको नियन्त्रणका लागि सरकारले आफ्नो तर्फबाट आवश्यक काम गरिरहेको जानकारी गराउनुभयो ।रासस

# नेपाली नागरिकले नागरिकता पाउने विषयमा कसैको विमति छैन : प्रम दाहाल



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल राष्ट्रको वृहत्तर हितलाई केन्द्रविन्दुमा राखेर नेपाली नागरिकले सहज ढङ्गले नागरिकता पाउन र अनागरिकले नागरिकता प्राप्त नगरुन भन्ने सैद्धान्तिक विषयमा सबैको एकमत भएको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै उहाँले नागरिकताका विषयमा अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा सबैको सहमतिका आधारमा उक्त व्यवस्था गरिएको समेत उल्लेख गर्नुभयो। यस सिद्धान्तमा कसैको विमती नभएको समेत स्पष्ट पार्नुभयो।

जन्मका आधारमा नेपालीलाई नागरिकता दिन, आमाको नाममा नागरिकता दिन र गैरआवासीय नेपालीलाई नागरिकता दिन कानुन आवश्यक भएको उहाँको भनाइ छ । जन्मसिद्ध नागरिक आमा बाबुका छोराछोरी नागरिकता पाउनुपर्छ भन्नेमा सबै एकै ठाउँमा रहेको प्रधानमन्त्री दाहालको भनाइ छ।

"हामी विवाह गरी आउने महिलाका हकमा केही प्रक्रिया राख्नुपर्छ भन्नेमै छौँ, विवादै नभएको विषयमा किन विवाद गराउन खोजिएको छ ? नागरिकता नपाउने १२/१५ लाख भइसके, केपी ओली प्रम हुँदा ल्याएको अध्यादेश र शेरबहादुर देउवा प्रम हुँदा ल्याएको विधेयक एउटै हो, अदालतमा भएको विषयलाई यहाँ किन विवाद गर्ने, अदालतको निर्णय सबैले मान्नुपर्छ", उहाँले भन्नुभयो।

साथै उहाँले हालैको आफ्नो चार दिने भारत भ्रमणका अवसरमा सात दस्तावेजमा हस्ताक्षर भई आदानप्रदान भएको संसदमा जानकारी गराउनुभयो । प्रतिनिधिसभाको आजको बैठकमा प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २२२ बमोजिम सार्वजनिक महत्वको विषयमा जानकारी दिनुहुँदै नेपाल भारत पारवाहन सन्धिसमेत भएको बताउनुभयो।

संशोधित सन्धिमा दूरगामी महत्वका विषय पनि समावेश गरिएको उल्लेख गर्नुहुँदै उहाँले नेपालको पारवहनमा भारतको आन्तरिक जलमार्गबाट पारवहन सुविधा सुनिश्चित गरिएको जानकारी गराउनुभयो।

"पेट्रोलियम पूर्वाधार निर्माणसम्बन्धी सम्झौता पत्रमा पनि भ्रमणका बेला हस्ताक्षर भएको छ, विद्युतीय ऊर्जाको विकास र खपत बढाउने, सुदूरपश्चिम क्षेत्रमा विद्युत् पूर्वाधार निर्माण हुँदा भारत हुँदै तेस्रो मुलुकमा व्यापार गर्न सहयोग पुग्नेछ, तल्लो अरुण परियोजना विकाससम्बन्धी लगानी बोर्ड र भारतीय कम्पनीबीच सम्झौता भएको छ, अरुण तेस्रोको तल्लो तटीय क्षेत्रमा यो आयोजना निर्माण हुनेछ", उहाँले भन्नुभयो । परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुष्मा स्वराज संस्थानबीच पनि भ्रमणका बेला सहकार्य भएको उहाँले जानकारी गराउनुभयो । भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आह्वानसहित अन्तरक्रिया सम्पन्न भएको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो।

भारत भ्रमणका बेला इन्दोर र सांस्कृतिक सहर उज्जैनको पनि भ्रमण गरेको सुनाउनुहुँदै उहाँले इन्दोरको फोहर व्यस्थापन अनुकरणीय भएको भ्रमण टोलीले अनुभूति गरेको बताउनुभयो। नेपाल भारतबीच बहुआयामिक र सम्बन्धलाई बलियो बनाउन भ्रमणले सहयोग गरेको र भ्रमणले भविष्यका लागि कोरेको छ बताउनुभयो। **सीमासम्बन्धी विषय**

"गम्भीरता र जिम्मेवारीसाथ भन्न चाहन्छु, सीमासम्बन्धी समस्या समाधान नभएसम्म नेपाल भारतबीचको सम्बन्ध राम्रो हुनसक्दैन भनी भारत भ्रमणका बेला विषयवस्तु राखेको छु, नेपाल भारतबीचको सम्बन्ध हिमालसम्म पुऱ्याउने विषय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि गर्नुभएको छ, भारतीय प्रमले मैले बोल्नुभन्दा पहिले नै सीमा समस्या सुल्झाइन्छ भन्ने प्रतिबद्धता जनाउनुभएको छ", उहाँले भन्नुभयो।

कालापानी, लिपुलेक, लिम्पियाधुरा नेपालको भूमि भएकामा आफू प्रष्ट रहेको भन्दै प्रधानमन्त्री दाहालले यसलाई घुमाउने कोसिस नगर्न आग्रह गर्नुभयो। भारत भ्रमण सफल मात्र भएन परिणाममुखी पनि भएको उहाँले संसद्मा सुनाउनुभयो। भारत र बङ्गलादेशबीच त्रिपक्षीय सम्झौता गर्ने विषय महत्वपूर्ण रहेको प्रधानमन्त्री दाहालले बताउनुभयो।

"नेपालको भूमि यताउता गरेको भनेकाप्रति चिन्ता लागेको छ, भ्रमणमा भएको उपलब्धिले स्वागत गर्ने सोच्दै आएको थिएँ । मैले विकल्पको कुरा गरेको छैन। यसका लागि सबै भिडियो प्रमाणका रुपमा छँदै छन्", उहाँले भन्नुभयो।

प्रधानमन्त्री दाहालले विज्ञले यसो भने भनेको कुरा आफूले उल्लेख गरेको भन्दै बङ्गलादेश मोडेलको कुरा आफ्नो नभएको बताउनुभयो। "प्रतिपक्षसँगै नजिक भएका बुद्धिजीवीले भनेका कुरा हुन् । यसलाई अतिरञ्जित रुपमा लिएर जनसमक्ष भ्रम पैदा नगर्न अनुरोध गर्दछु", प्रधानमन्त्री दाहालले भन्नुभयो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा औपचारिक चार दिने भ्रमणसम्बन्ध बलियो बनाउन केन्द्रित भएको उहाँको भनाइ छ। आर्थिक मामिलामा दीर्घकालीन सम्झौता भएको प्रधानमन्त्री दाहालले बताउनुभयो। राजनीतिक मामिलामा व्यापार, पारवाहन, सिँचाइ, कृषि, सीमा वारपार, एकीकृत जाँचचौकी, पूर्वाधार विकासमा सकारात्मक कुरा भएको भनाइ उहाँले राख्नुभयो।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका विषयमा सकारात्मक कुरा भएको जानकारी पनि प्रधानमन्त्री दाहालले गराउनुभयो । जलविद्युत्का क्षेत्रमा सहकार्य गर्ने विषयमा छलफल भ्रमणमा भएको छ र नेपालबाट भारततर्फ ऊर्जाको व्यापारका विषयमा कुराकानी भएको जानकारी पनि उहाँले गराउनुभयो।

नेपालबाट बङ्गलादेशमा ऊर्जा निर्यात गर्ने विषयमा सहमति भएको जानकारी उहाँले दिनुभयो । नेपाल भारत सीमावर्ती क्षेत्रमा बाढी र डुबानका विषयमा पनि कुराकानी भएको प्रधानमन्त्री दाहालले संसद्लाई जानकारी गराउनुभएको छ।

भारत सरकारको सहयोगमा झुलाघाटमा पक्की पुल निर्माण र जिपी कोइराला हेल्थ साइन्सलाई अनुदानका विषयमा कुराकानी भएको उहाँको भनाइ छ। "मलको सहज आपूर्ति, नगदेबाली र पशु चौपायाको नश्ल सुधारका बारेमा पनि छलफल र सहमति भएको छ, व्यापारघाटा न्यूनीकरणसहित दुवै देशबीचको व्यापार सहज गर्ने सहमति भएको छ, सीमा समस्यालाई स्थापित मान्यता अनुसार समाधान गर्न गम्भीर रुपमा कुरा राखेको छु, प्रम मोदीको स्पष्ट कुरा आएको छ, भर्चुअल माध्यमबाट कुर्था बिजुलपुरा रेलमार्ग, १७ किमी लामो सम्पन्न भई हस्तान्तरण भएको छ", उहाँले भन्नुभयो । प्रधानमन्त्री दाहालले भारतबाट मुर्रा जातको राँगा ल्याउने विषय सात वर्षअघि नै भएको बताउनुभयो।

**नागरिकतासम्बन्धी कार्यविधिमा एनआरएनका सुझावसमेटिन्छन्:प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नागरिकता विधेयक प्रमाणीकरण भएसँगै नागरिकतासम्बन्धी कार्यविधि तथा नियमावली बनाउने काम समेत सुरु भएको जानकारी गराउनुभएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का उपाध्यक्ष आरके शर्माको नेतृत्वको प्रतिनिधिमण्डलले आज गरेको भेटमा उहाँले कार्यविधि तथा नियमावली बनाउने क्रममा गैरआवासीय नेपालीका सुझावलाई मनन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

'एक पटकको नेपाली, सधैँ नेपाली' भइरहने र नेपालको समृद्धिमा सहकार्य गर्न चाहेको विषयले विगतदेखि नै आफ्नो मन छोएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगामी दिन थप सशक्तरुपमा अघि बढ्न सङ्घका प्रतिनिधिलाई आग्रह गर्नुभयो। उहाँले गैरआवासीय नेपालीले उठाउँदै आएको मताधिकारको विषय नीति तथा कार्यक्रममार्फत सम्बोधन भइसकेको र केही प्राविधिक विषयमा गृहकार्य भइरहेको जानकारी दिँदै छिट्टै कार्यान्वयनमा आउने विश्वास दिलाउनुभयो।

भेटमा प्रधानमन्त्री दाहालले गैरआवासीय नेपाली सङ्घमार्फत धन्यवाद व्यक्त गरेकामा खुसी व्यक्त गर्दै लामो रस्साकस्सीपछि नागरिकता विधेयक प्रमाणीकरण भएको बताउनुभयो । उहाँले गैरआवासीय नेपाली नागरिकताको वितरणको शुभारम्भ एक भव्य कार्यक्रमकाबीच गरिने जानकारी दिनुभयो।

सङ्घीय संसद्ले दुई पटक पारित गरेर गत भदौमा प्रमाणीकरणका लागि पठाएको नागरिकता विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी छाड्नुभएको थियो । वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले यही जेठ १७ गते प्रमाणीकरण गर्नुभएको थियो।

भेटमा उपाध्यक्ष शर्माले नागरिकता विधेयक प्रमाणीकरणबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको 'गैरआवासीय नेपाली नागरिकता' प्राप्त गर्ने मार्ग प्रशस्त भएकामा सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो।

उहाँले विश्वभर रहेका नेपालीलाई मातृभूमिसँग जोड्न र विदेशमा आर्जन गरेको ज्ञान, सीप र पुँजीलाई नेपाल भित्र्याउन थप दायित्वबोध भएको उल्लेख गर्दै 'एक पटकको नेपाली सधैँको नेपाली' भन्ने मूलमन्त्र सार्थक बन्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले गैरआवासीय नेपालीको नेपालमा भएको सम्पत्तिको सुरक्षा तथा लगानीका लागि समेत वातावरण तयार भएको र यथाशीघ्र नागरिकतासम्बन्धी कार्यविधि बनाई कार्यान्वयनको चरणमा पुऱ्याउन आग्रह गर्नुभयो।

सङ्घले गैरआवासीय नेपालीलाई मताधिकारको प्रत्याभूतिका लागि नीति तथा कार्यक्रममार्फत सम्बोधन गरेकामा धन्यवाद व्यक्त गर्दै कार्यान्वयनमा लैजानका लागि समेत अनुरोध गरेको छ। सानासाना विप्रेषणलाई एकीकृत गरेर एक स्वायत्त प्राधिकरण गठन गरी स्वच्छ ऊर्जा तथा राष्ट्रिय गौरवका आयोजनामा सुनिश्चित प्रतिफलसहितको लगानीको वातावरण बनाउन सङ्घको आग्रह छ।

सो क्रममा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव धनराज ज्ञवालीले नागरिकता नियमावली तर्जुमाको चरणमा रहेको जानकारी दिँदै पहिलो गैरआवासीय नेपाली नागरिकता प्रधानमन्त्रीको हातबाट प्रदान गर्ने योजना रहेको बताउनुभयो । सो अवसरमा महान्यायाधिवक्ता डा दीनमणि पोखरेलकोसमेत उपस्थिति थियो।

वातावरण संरक्षणमा एकताबद्ध भएर लाग्न प्रधानमन्त्रीको आग्रह

'प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौँ, वातावरणमैत्री विकल्पको उपयोग गरौँ' भन्ने मूल नाराका साथ आज विश्व वातावरण दिवस मनाइँदैछ।

संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमको आह्वानमा सन् १९७३ देखि प्रारम्भ भई हरेक वर्ष जुन ५ तारिखको दिन विश्व वातावरण दिवस मनाउने प्रचलन सुरू भएको हो। सो दिवस मनाउन थालेको ५० औँ वर्ष लागेको छ।

यस अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा प्लास्टिकजन्य पदार्थको व्यवस्थापनलगायत समष्टिगत वातावरणीय समस्यासँग जुँध्न सरकारले राष्ट्रिय तथा अन्तर ष्ट्रिय तहमा गर्दै आएका विभिन्न प्रयत्न र प्रतिबद्धतालाई नतिजामा रूपान्तरण गर्न यस दिवसले सम्बद्ध सबैलाई झकझकाउन सहयोग पुग्ने बताउनुभएको छ।

यसवर्ष वैश्विक जगतको सबैभन्दा महत्वपूर्ण वातावरणीय चुनौतीमध्येको एक प्लास्टिक प्रदूषणलाई प्रमुखताका साथ उजागर गर्ने गरी दिवस मनाउन लागिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्लास्टिक हाम्रो आधुनिक जीवनको अभिन्न अङ्ग बनिसकेकाले त्यसलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो।

प्लास्टिकको अत्यधिक र अव्यवस्थित प्रयोगले ठूलो वातावरणीय समस्या सिर्जना गरेको उल्लेख गर्दै प्रधानमन्त्रीले महासागर ल्यान्डफिल साइट, समथर भूमि, पहाडी, उच्च पहाडी र हिमाली क्षेत्र जताततै प्लास्टिकको फोहरले भरिएको र मानव स्वास्थ्य र समग्र पारिस्थितिक प्रणालीलाई अपरिवर्तनीय क्षति पुऱ्याउने खतरा बढ्दै गइरहेकोमा चिन्ता व्यक्त गर्नुभएको छ।

प्रत्येक वर्ष विश्वव्यापी रूपमा चार सय मिलियन टनभन्दा बढी प्लास्टिकका सामग्री उत्पादन हुने गरेको र यसको ठूलो हिस्सा विभिन्न नदी प्रणाली हुँदै महासागरहरूमा पुग्ने गरेको छ।

यसले पारिस्थितिक प्रणालीलाई असर पुऱ्याउन सक्ने देखिएको हुँदा यसको नकारात्मक प्रभावसँग जुध्ने प्रयासस्वरुप संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमको अग्रसरतामा 'प्लास्टिक पोलुसन ट्रिटी'सम्बन्धी कार्य भइरहेको र यसमा नेपालको समेत सहभागिता रहँदै आएको प्रधानमन्त्रीले बताउनुभयो।

प्रधानमन्त्री दाहालले आफ्नो अध्यक्षतामा रहेको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को प्रभावकारितामा वृद्धि गर्दै लैजाने दृढता व्यक्त गर्नुभएको छ। नेपालको संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीयतीनवटै सरकारको कार्यक्षेत्रमा रहेको वातावरण संरक्षणको विषय सरकार, गैर (सरकारी क्षेत्र, प्राज्ञिक क्षेत्र, निजी क्षेत्र, आम नागरिक र उपभोक्ता सबैको सक्रिय चासो, चिन्ता र सरोकारको यसमा आवश्यकता पर्ने प्रधानमन्त्रीको भनाइ छ। प्रधानमन्त्रीले वातावरण क्षेत्रमा काम गर्ने सबैमा यस दिवसको नारालाई व्यवहारिक कार्यान्वयनमा एकतावद्ध हुन आह्वान गर्नुभएको छ। रासस


## क्षीरेश्वरनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२३

यस क्षीरेश्वरनाथ नगरपालिका कार्यालयले तपसिलमा उल्लेखित कार्यको लागि दरभाउपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालय वेबसाइट PPMO Website: www.bolpatra.gov.np बाट online Bidding गर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | विवरण | योजनाको नाम | लागत अनुमान | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १ | KshM/GOODS/SQ/079/80-01 | Purchase of Medicine | ४९,९७,९०३।७५ | १,२५,०००।०० | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत



## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०२/२३ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्वन्धीत ऋणी संस्था, धितो जमानतकर्ता, जमानीकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीवाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्वन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री सुविधा विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड । रजिष्टर्ड**
**ठेगाना : भरतपुर-२, धनुषा** । दर्ता नं : १०८२/२०६९/७०

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : जय किशोर यादव (अध्यक्ष)**
बुवा : कर्मनारायण यादव
बाजे : चुलाहाई यादव
ना प्र नं. : १७१०२५/२६८
ठेगाना : औरही-६, धनुषा

**२) नाम : दिलेश्वर यादव (कोषाध्यक्ष)**
बुवा : सैनि यादव
बाजे : पुरन यादव
ना.प्र.नं : १२८८७७४८
ठेगाना : भरतपुर-२, धनुषा

**३) नाम : श्रवन कुमार यादव (सचिव)**
बाबु : उतिचन यादव
बाजे : राम लखन यादव
ना.प्र.नं : १७३०४४/२९८
ठेगाना : भरतपुर-२, धनुषा

**४) नाम : दिपक कुमार यादव (सदस्य)**
बाबु : शुभ नारायण यादव
बाजे : जिवछ यादव
ना.प्र.नं : १२८८८३५५
ठेगाना : भरतपुर-२, धनुषा

**५) नाम : उतिचन यादव (सदस्य)**
बाबु : राम लखन यादव
बाजे : चुवा यादव
ना.प्र.नं : ५८९१०२९६
ठेगाना : कजरारमौला-६, धनुषा

**६) नाम : श्रीवति देवि केवटिन (सदस्य)**
बाबु : झपसि मंडल
बाजे : तिलका मंडल
ना.प्र.नं : ८९९३२४११
ठेगाना : सोनिगामा-९, धनुषा

**७) नाम : रवि कुमार यादव (सदस्य)**
बाबु : सियालाल यादव बाजे : राम प्रसाद यादव ना.प्र.नं : १७१०२७/३० ठेगाना : देउरी परवाहा-९, धनुषा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. श्री चुवा यादवको नाति श्री राम लखन यादवको छोरा धनुषा जिल्ला कजरारमौला गा.वि.स. वडा नं. ६ बस्ने श्री उतिचन यादवको नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला भरतपुर गा.वि.स. वडा नं. २ को कित्ता नं. २२० र १०७ को क्षेत्रफल ०-३-७-० र ०-११-१२-०, जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# लिबियाका दिवंगत नेता गद्दाफीका छोरा आमरण अनशनमा

एपी

बेरूत। लिबियाका दिवंगत नेता मुअम्मर गद्दाफीका छोरा हनिबालले बिना सुनुवाइ हिरासतमा राखेको विरोधमा शनिबारदेखि आमरण अनशन सुरु गर्नुभएको छ।

उहाँलाई लेबनानमा सात वर्षभन्दा बढी समयदेखि थुनामा राखिएको र आफुलाई कुनै मुद्दामाथि सुनुवाई नगरिएको भन्दै उहाँले आमरण अनशन सुरु गरेको उहाँका वकिलले बताउनुभयो।

सन् २०१५ मा सिरियाबाट अपहरणमा परेका गद्दाफी सन् २०१५ देखि लेबनानको जेलमा रहनुभएको छ। करिब ४५ वर्षअघि लिबियामा बेपत्ता भएका एक शिया धर्मगुरुको भविष्यबारे जानकारी माग्दै लेबनानी लडाकूले उहाँलाई अपहरण गरेका थिए। गद्दाफीलाई पछि लेबनानी अधिकारीहरूले नियन्त्रणमा लिएका थिए र बिना कुनै सुनुवाइ बेरुत जेलमा राखिएको थियो।

अधिवक्ता पल रोमानोसले बताएअनुसार उहाँका सेवाग्राही गद्दाफीले शनिबार बिहान भोक हडताल सुरु गर्नुभएको हो। उहाँले आन्दोलन अन्त्यसम्म जारी राख्ने बताउनुभएको रोमानोसले बताउनुभयो। अधिवक्ता रोमानोसले यस मामिलामा सञ्चारमाध्यमसँग विस्तृत विवरण राख्ने अधिकार नभएको भन्दै थप कुरा नगर्ने बताउनुभयो।



यद्यपि, गद्दाफीले एक विज्ञप्ति जारी गर्दै आफ्नो अवस्थाको वर्णन गर्नुभएको छ। लेबनानी महिलासँग विवाह गरेका गद्दाफीको विज्ञप्तिमा भनिएको छ, “यतिका वर्षसम्म निष्पक्ष सुनुवाइ बिना नै राजनीतिक बन्दीलाई कसरी राख्न सकिन्छ?“

लिबियाली नागरिक रहेका गद्दाफिले आफू भोक हडतालमा रहेको र आफूविरूद्ध अन्यायपूर्ण व्यवहार गर्नेहरू नै नतिजाका लागि जिम्मेवार हुने बताउनुभएको छ। उहाँले ‘बर्तमान् (शासक) राजनीतिज्ञहरूको हातबाट कानूनलाई मुक्त गर्ने समय आएको’ बताउनुभयो।

रोमानोसका अनुसार आफ्ना सेवाग्राहीलाई वर्षौंसम्म सानो कोठामा हिँडडुल गर्न वा व्यायाम गर्न पनि नमिल्ने गरी राख्दा ढाड दुख्ने समस्या भएको छ।

सन् १९७८ मा लेबनानका प्रमुख शिया धर्मगुरु मौसा अल-सदर बेपत्ता हुनु लेबनानमा लामो समयदेखि पीडादायी विषय बनेको छ। धर्मगुरुको परिवारले उहाँ अझै पनि लिबियाको जेलमा जीवितै रहेको हुनसक्ने विश्वास गरेका छन्, यद्यपि अधिकांश लेबनानीहरूले अल-सदरको मृत्यु भएको अनुमान गरेका छन्। उहाँ जीवितै रहेमा उहाँ अहिले ९४ वर्ष पुग्नुभएको छ।

अल-सदर एक शिया राजनीतिक र सैन्य समूहका संस्थापक हुनुहुन्थ्यो र उहाँले १९७५ मा सुरु भएको लामो लेबनानी गृहयुद्धमा भाग लिनुभएको थियो।

इरानको पवित्र शहर कोममा जन्मिएका अल-सदर सन् १९५९ मा लेबनानको दक्षिणी बन्दरगाह शहर टायरमा शियाहरूको अधिकारका लागि काम गर्न आउनुभएको थियो।सन् १९७४ मा लेबनानको १५ वर्षे गृहयुद्ध सुरु हुनुभन्दा एक वर्ष अघि अल-सदरले ‘मुभमेन्ट अफ डिप्राइभ’ को स्थापना गर्नुभयो, जसले हजारौं अनुयायीहरूलाई आकर्षित गऱ्यो।

मुभमेन्ट अफ डिप्राइभ’ को स्थापना भएको अर्को वर्ष उहाँले अमाल नामक सैन्य एकाईको स्थापना गर्नुभएको थियो। अमालको अर्थ अरबी भाषामा ‘आशा’ हो र यही नामको लडाकू समूहको नाममा उहाँको समूह लेबनानको गृहयुद्धमा लडेको थियो। यस समूहको नेतृत्व लेबनानको शक्तिशाली संसदका सभामुख नाबिह बेरीले गरिरहनुभएको छ।

# हिसान दौडमा विकेश र हृदय पहिलो



काठमाण्डु। पिनाकल कलेजका विकेश घिमिरे र जय मल्टिपलकी हृदय राई प्रथम हिसान दौडमा पहिलो भएका छन्। छात्रमा विकेश र छात्रामा हृदय चार किलोमिटर दुरीको दौडमा पहिलो भएका हुन्।

हिसान काठमाडौं जिल्ला कार्य समितिद्वारा आज आयोजित उक्त प्रतियोगिताको छात्रमा पिनाकलका निनम राई दोस्रो तथा पिनाकलकै नकुल घर्ती तेस्रो भए। कलेज अफ सेन्ट्रल स्टेटका लक्ष्मण तामाङ चौथो, भेनसका मनोज तामाङ पाँचौं र जोसेफका अमित बोहरा छैटौं भए।

विश्व वातारण दिवसका अवसरमा आयोजित दौडको छात्रामा कलेज अफ सेन्ट्रल स्टेटकी अस्मिता तामाङ दोस्रो तथा भेनसकी सुकलामो तामाङ तेस्रो स्थानमा रहे।

कलेज अफ सेन्ट्रल स्टेटकी पवित्रा गिरी, सेन्ट लरेन्सकी सुस्मिता राई र जुबिलियन्टकी चाँदनी विष्टले क्रमशः चौथोदेखि छैटौं स्थानमा दौड टुङ्गाए।

छात्र/छात्रा दुवैमा पहिलो हुनेले रु १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले रु पाँच हजार नगर पुरस्कार हात पारे। चौथोदेखि छैटौं हुनेले सान्त्वना स्वरुप जनही रु एक हजार नगद पुरस्कार प्राप्त गरे। विजेतालाई युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू, हिसानका केन्द्रीय वरिष्ठ उपाध्यक्ष युवराज शर्मा, हिसान काठमाडौंका अध्यक्ष शिवप्रसाद अधिकारीलगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो।

दौडमा करिब तीन सय प्रतिस्पर्धीले सहभागिता जनाएको हिसान काठमाडौंका कोषाध्यक्ष प्रकाश श्रेष्ठले जानकारी दिनुभयो। ‘लेट्स रन टुगेडर फर इन्भाइरोमेन्ट’ नाराका साथ आयोजित दौड थापाथलीस्थित ट्रेड टावरबाट सुरु भइ विभिन्न भागको परिक्रमा गरी ट्रेड टावरमै आएर टुङ्गिएको थियो।

दौडको उद्घाटन पनि खेलकुद मन्त्री लिम्बूले नै गर्नुभएको थियो। रासस

# दर्जनौँ छात्रासहित अफगानिस्तानी ८७ जनालाई विष खुवाइएको पुष्टि

सिन्ह्वा

अफगानिस्तान। अफगानिस्तानको एक ग्रामिण क्षेत्रमा दर्जनौँ छात्रासहित ८७ जनालाई विष खुवाइएको स्थानीय प्रशासनले जनाएको छ।

अफगानिस्तानको उत्तरी सार-ए-पोल प्रान्तको सञ्चारक जिल्लामा आइतबार एक प्राथमिक विद्यालयका दर्जनौँ छात्रासहित ८७ जनालाई विष खुवाइएको प्रान्तीय सूचना तथा संस्कृति निर्देशक मुफ्ती अमिर सारिपुलीतले सोमबार जानकारी दिनुभएको हो।



सरिपुलितले भन्नुभयो, “सञ्चारक जिल्लाको काबोद अब क्षेत्रमा रहेको फैजाबाद छात्रा विद्यालयका ७७ जना विद्यार्थी, सात जना शिक्षक, पाँच जना अभिभावक र एक जना कर्मचारीलाई विष खुवाइएको थियो। उनीहरूको अवस्था स्थिर छ।” अधिकारीका अनुसार घटनाबारे अनुसन्धान सुरु गरिएको छ। यसैबीच एक पीडित छात्राकी आमा महनाजले घटनाको निन्दा गर्दै प्रान्तीय प्रशासनलाई घटनामा संलग्नको पहिचान गरी कानूनको कठघरामा ल्याउन आग्रह गर्नुभएको छ।

अर्का विद्यार्थी अली आगा करबलाईका पिताले प्रभावित विद्यार्थीको सङ्ख्या ८० भन्दा बढी रहेको बताउँदै छोरीको शीघ्र स्वास्थ्यलाभको लागि प्रार्थना गरिरहेको बताउनुभयो।

गाउँलेका अनुसार आइतबार ८० जना विद्यार्थीसहित ८७ जना एक्कासी बिरामी परेपछि उनीहरूलाई अस्पताल लगिएको थियो। उनीहरूलाई कसरी बिष आक्रमण गरियो भन्नेबारे थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

# यमनी शान्ति प्रक्रियाबारे छलफल

सिन्ह्वा

एडेन। यमनमा जारी युद्धविरामलाई स्थायी शान्ति प्रक्रियामा बदल्न यमनी प्रतिनिधि र संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिनिधिबीच साउदी अरबको रियादमा भेटवार्ता भएको छ। यमनको प्रेसिडेन्सियल लिडर सिप काउन्सिल (पीएलसी) का अध्यक्ष रशाद अल अलिमीले संयुक्त राष्ट्रसंघका विशेष दूत हान्स ग्रुन्डबर्गसँग आइतबार साउदी अरबको राजधानी रियादमा भेटवार्ता गर्नुभएको छ।

भेटका क्रममा ग्रुन्डबर्गले अल-अलिमीलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा हालै भएका बैठकका नतिजाका बारेमा जानकारी गराउनुभएको थियो। संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधिले यमनका जनताको आकाङ्क्षा पूरा गर्ने व्यापक राजनीतिक प्रक्रिया सुरु गर्न यमनलाई अहिले दिइएको अवसरबारे जोड दिनुभयो।

ग्रुन्डबर्गले राज्यका संस्थाहरूको पुन : स्थापना, सुरक्षा र स्थिरता सुनिश्चित गर्ने र दिगो शान्ति स्थापना राजनीतिक प्रक्रियाका प्राथमिकताहरूमा रहेको उल्लेख गर्नुभयो।

आफ्नो तर्फबाट, अल-अलिमीले संयुक्त राष्ट्र सुरक्षा परिषद्को सम्बन्धित प्रस्तावहरू अनुसार ग्रुन्डबर्गको प्रयासलाई समर्थन गर्ने पीएलसीको प्रतिबद्धतालाई पुष्टि गर्नुभयो।

उहाँले शान्तिको मार्गलाई पुन : जीवित गर्न र यमनका जनताको पीडा कम गर्न अन्तर्राष्ट्रिय प्रयासलाई एकीकृत गर्नुपर्नेमा पनि जोड दिनुभयो। हुथी विद्रोहीलाई तत्काल सबै प्रकारका शत्रुता अन्त्य गर्न र व्यापक राजनीतिक समाधानमा पुग्न गम्भीर र समावेशी वार्तामा संलग्न हुन आह्वान गर्दै बैठक सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ।

सन् २०१४ मा हुथी लडाकूसमूहले उत्तरी सहरहरू आफ्नो नियन्त्रणमा लिएर यमन सरकारलाई सानाबाट सत्ताच्युत गरेपछि यमन वर्षौंलामो सैन्य द्वन्द्वमा फसेको छ। द्वन्द्वका कारण ठूलो सङ्ख्यामा हताहत भएका छन् र यसले अरब विश्वको सबैभन्दा गरिब देशलाई व्यापक अनिकाललगायत मानवीय सङ्कटमा धकेलेको छ।

# भारतमा रेल दुर्घटना भएको ५१ घण्टापछि सेवा पुनः सञ्चालनमा

एएफपी

बालासोर। शुक्रबार राति २७५ जनाको मृत्यु हुनेगरी भएको रेल दुर्घटनापछि बालासोरबाट सोमबारदेखि यात्रु र मालवाहक रेलहरू पुनः सेवामा फर्किएको अधिकारीहरूले बताएका छन्।

अधिकारीहरूले भारतमा दशकौंपछि भएको घातक रेल दुर्घटनाको कारण सिग्नल प्रणालीसँग जोडिएको समस्याका कारण भएको बताएका छन्।

भारतको पूर्वी राज्य उडिसाको बालासोर नजिकै भएको दुर्घटनामा २७५ जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन्।

अधिकारीहरूले सुरुमा मृत्यु हुनेको सङ्ख्या २८८ रहेको बताएका थिए, तर उडिसा राज्य सरकारले केही शवहरू गलत तरिकाले दुई पटक गणना गरिएको भन्दै मृतकको संशोधित सङ्ख्या २७५ भएको पुष्टि गरेको छ।

एक हजार १७५ घाइतेमध्ये अधिकांश उपचारपछि घर फर्किसकेका छन् भने ३८२ जनाको अस्पतालमा उपचार भइरहेको अधिकारीहरूले आइतबार जानकारी दिएका छन्। यद्यपि, घाइतेमध्ये केहीको अवस्था अझै पनि गम्भीर रहेको भन्दै मृतकको सङ्ख्या अझै बढ्न सक्ने स्वास्थ्यकर्मीले बताएका छन्।

रेल मन्त्रालयले रेल दुर्घटना भएको ५१ घण्टापछि कोइला लोड गरिएको मालबाहक रेल लिकमा गुडेसँगै सेवा पुनः सञ्चालनमा आएको हो।

यद्यपि,सबै लिकहरू पूर्ण रूपमा मर्मत गरिएको छ कि छैन भन्नेबारे तत्काल स्पष्ट भएको छैन।सोमबार रेलहरूले एउटा छेउमा लाइनहरू मात्र प्रयोग गरेको देखिएको छ।

# सन् २०२३ मा हवाई उद्योगले कोभिडपछिको कीर्तिमानी रेकर्ड कायम गर्ने

एएफपी

इस्तानबुल। विश्वभरका विमान कम्पनीले सन् २०२३ मा ४.३५ अर्ब यात्रुलाई उडान सेवा दिने प्रक्षेपण अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घ (आईएटीए) ले गरेको छ।

यो सेवा सङ्ख्या सन् २०१९ को रेकर्डको नजिक पुगेको छ। कोभिड महामारीबाट विश्व समुदाय विस्तारै सामान्य अवस्थामा फर्किएको र यसको लाभ विश्वभरीका उडान सेवाले लिने आईएटीएले सोमबार बताएको हो।

आईएटीएका अनुसार सन् २०२३ मा खूद मुनाफा ९.८ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ, वा अघिल्लो अनुमानको दोब्बर हुनेछ। विश्व समुदायसँगै कोभिडबाट बढी प्रभावित मुलुकमध्येको एक राष्ट्र चीनले पनि कोभिड प्रतिबन्धको अन्त्य गरेपछि खूद मुनाफा अनुमानभन्दा बढी अर्थात् दोब्बर पुग्ने प्रक्षेपण गरिएको हो।



सङ्गठनका अनुसार सन् २०२२ मा ३.६ अर्ब अमेरिकी डलर बराबरको नोक्सानी अनुमान गरिएकोभन्दा आधा कम नोक्सान भएको थियो।

“सन् २०२३ मा एयरलाइन्सको वित्तीय प्रदर्शनले अपेक्षालाई पराजित गरिरहेको छ,” आईएटीएका महानिर्देशक विली वाल्शले इस्तानबुलमा सङ्गठनको वार्षिक साधारण सभालाई सम्बोधन गर्दै भन्नुभयो। “बलियो लाभप्रदता धेरै सकारात्मक विकासहरूद्वारा समर्थित छ। चीनले अनुमान गरेभन्दा पहिले यस वर्षको सुरुमा कोभिड-१९ प्रतिबन्ध हटाएको थियो,’ वाल्शले भन्नुभयो।

हवाई इन्धनको मूल्य उच्च रहे पनि वर्षको पहिलो छ महिनामा भने यो मूल्यमा कमी आएको उहाँले बताउनुभयो।

फेब्रुअरी २०२२ मा रूसले युक्रेनमाथि गरेको आक्रमणका कारण ऊर्जाको लागत बढेको थियो तर त्यसयता तेल र प्राकृतिक ग्यासको मूल्यमा गिरावट आएको छ। लागत पक्षमा, केही राहत भएको वाल्शले बताउनुभयो।

“आर्थिक अनिश्चितताले यात्रा गर्ने इच्छालाई कम गरेको छैन, यद्यपि टिकटको मूल्यले इन्धनको उच्च लागतलाई अवशोषित गरेको छ,” उहाँले भन्नुभयो।

महामारीले वायुसेवा उद्योगलाई तहसनहस पारेको र सन् २०२० मा देशहरूले लकडाउन लागू गर्दा र सीमाहरू बन्द गर्दा १३७ अर्ब डलर गुमाएको थियो।

यस क्षेत्रले सन् २०२१ मा थप ४२ अर्ब डलर गुमाएको थियो र गत वर्ष पनि रातो अवस्थामा थियो किनकि एक प्रमुख बजार चीनले कोभिड प्रतिबन्धहरूलाई जारी राख्ने अनुमान गरिएको थियो तर अन्ततः डिसेम्बरमा चीनले पनि कोभिडजन्य सबै प्रतिबन्ध हटाएको थियो।

# पाकिस्तानको पञ्जाबमा भ्यान र ट्रक ठोक्किँदा ३ जनाको मृत्यु, १३ जना घाइते

सिन्ह्वा

इस्लामावाद। पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको मण्डी बहाउद्दिन जिल्लामा सोमबार भ्यान र ट्रक एक आपसमा ठोक्किँदा कम्तीमा तीन जनाको मृत्यु हुनाका साथै अन्य १३ जना घाइते भएका छन्।

जिल्लाको गुजरात सडकमा आज बिहान एउटा सवारीसाधन मोडिदा दुर्घटना भएको र दुई महिलासहित तीन जनाको घटनास्थलमै मृत्यु भएको छ।

दुर्घटनालगत्तै उद्धार टोली घटनास्थलमा पुगेर घाइतेहरूलाई अस्पताल पुर्याएको उद्धार सेवाले जनाएको छ।

पाकिस्तानमा मुख्यतया खराब सवारी साधन, जीर्ण सडक र सडक सुरक्षा उपायहरूको लापरवाहीका कारण सडक दुर्घटनाहरू प्रायः हुने गर्दछ।

# अफगानिस्तानलाई एक हजार पाँच सय मेगावाट विद्युत् आवश्यक : तालिबान

सिन्ह्वा

काबुल। अफगानिस्तानको वर्तमान् आवश्यकता एक हजार ५०० मेगावाट रहेको तालिबान सरकारको ऊर्जा तथा जल विभागले जनाएको छ। हाल अफगानिस्तानले ७२० मेगावाटसम्म विद्युत् आयात भइरहेको जनाएको छ। विभागका प्रवक्ता हिक्मतुल्लाह मैवन्दीले भन्नुभयो, “सामान्यतया हाम्रो आन्तरिक उत्पादन ५६५ मेगावाट छ। सिङ्गो देशलाई एक हजार ४०० देखि एक हजार ५०० मेगावाट विद्युत् आवश्यक पर्छ।” उहाँका अनुसार देशमा ५०० मेगावाटभन्दा बढी विद्युत् आन्तरिक स्रोतबाट आपूर्ति भइरहेको छ।



अफगानिस्तानमा विशेष गरी बाँध प्रणालीमा आधारित विद्युतले धेरै क्षेत्रमा सेवा पुऱ्याउँदै आएको छ। यहाँका मुख्य विद्युत बाँधहरूमा नागलो, माहिपर, सरोबी, काजाकी, सलमा र दारोन्टा रहेका छन्। सन् २००९ मा लगातारको विद्युत अभावका कारण अमेरिकाले काबुलको थर्मल पावर स्टेसनमा ३४ करोड अमेरिकी डलर लगानी गरेको थियो। तथापि, उच्च ईन्धन मूल्यको कारण स्टेशन नियमित रूपमा प्रयोग गरिएको छैन।

“यो थर्मल पावर स्टेशन सन् २००९ को अन्त्यमा सञ्चालन हुन थालेको थियो। यसको समग्र क्षमता १०५ मेगावाट छ।सामान्यतया हिउँदमा बिजुलीको अभावको चरम समयमा प्रयोग गरिन्छ वा विद्युत लाइनहरू क्षतिग्रस्त भएमा थर्मल पावरको प्रयोग गरिन्छ, स्टेशनका जनरल डाइरेक्टर अहमद वैस सरगान्दले टोलोन्यूजलाई बताउनुभयो।

अफगानिस्तानले प्राकृतिक स्रोत र पानीको ठूलो स्रोत हुँदाहुँदै पनि विद्युत आपूर्तिमा चरम चुनौतीको सामना गरिरहेको छ। यहाँ अधिकांश बिजुली छिमेकी देशहरू, विशेष गरी मध्य एशियाबाट आयात गरिन्छ।

# डुङ्गा डुब्दासात छात्राको मृत्यु

एएफपी

कोनाक्री। गिनीमा सोमबार डुङ्गा डुब्दा कम्तीमा सात छात्राको मृत्यु भएको छ।

पश्चिम अफ्रिकाको गिनीको उत्तरपूर्वमा रहेको नाइजर नदी तरेर सोमबारदेखि सुरु हुने उच्च विद्यालयप्रवेश परीक्षाका लागि ती छात्राहरू सहभागी भएपछि घर फर्कने क्रममा उनीहको मृत्यु भएको थियो।“सात जना विद्यार्थीले ज्यान गुमाएको खबरले हामी स्तब्ध भएका छौं,” साक्षरता तथा पूर्व-विश्वविद्यालय शिक्षा मन्त्री गुइलाम हाउइङले परीक्षा अवधि सुरु गर्न यस क्षेत्रको भ्रमणका क्रममा पत्रकारहरूसँग भन्नुभयो। मृत्यु हुनेमा उहाँकी सौतेनी बहिनी पनि रहेको सुरक्षा अधिकारी मामादी केइटाले एएफपीलाई बताउनुभयो। छात्राहरू विद्यालयको सातौं कक्षामा प्रवेश परीक्षाको लागि नाइजर नदी पारी गएका थिए। घटनामा अन्य व्यक्ति पनि हताहत भएको सूचनाका आधारमा उनीहरूको खोजी कार्य जारी राखिएको छ।

# युएईका राष्ट्रपतिलाई साइप्रसका राष्ट्रपतिबाट लिखित सन्देश

एएनआई

अबु धाबी। युएईका राष्ट्रपति महामहिम शेख मोहम्मद बिन जायद अल नाह्यानले साइप्रस गणतन्त्रका राष्ट्रपति निकोस क्रिस्टोडोलिदेसबाट दुई देशबीचको द्विपक्षीय सम्बन्धबारे लिखित सन्देश प्राप्त गर्नुभएको छ। अबु धाबीमा साइप्रसका विदेश मन्त्री कन्स्टान्टिनोस कोम्बोससँगको भेटमा विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानलाई यो सन्देश दिइएको हो। भेटका क्रममा उहाँहरूले युएई र साइप्रसबीचको मित्रता र रणनीतिक साझेदारी सम्बन्धमा छलफल गर्नुका साथै विभिन्न क्षेत्रमा सहयोगलाई अझ प्रगाढ बनाउने उपायहरूको खोजी गर्नु भएको थियो।

दुई मन्त्रीहरूले एचएच शेख अब्दुल्लाह बिन जायदले अप्रिलमा साइप्रसमा गर्नु भएको कार्य भ्रमणको नतिजाको समीक्षा गर्नु भएको छ। उहाँहरूले विभिन्न क्षेत्रहरूमा युएई-साइप्रियट सहयोगको निरन्तर वृद्धि र विकासलाई पनि दोहोर्याउँनु भएको छ। छलफलमा क्षेत्रीय र अन्तरराष्ट्रिय परिस्थिति र घटनाक्रमका साथै अन्तरराष्ट्रिय सङ्गठनहरूबीचको संयुक्त सहकार्यका बारेमा पनि छलफल भएको थियो।

# ऊर्जा क्षेत्रका लागि प्रधानमन्त्रीको भारत भ्रमण ऐतिहासिक : इपान

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को हालै सम्पन्न भारत भ्रमणमा ऊर्जा क्षेत्रमा भएका सहमति ऐतिहासिक र दीर्घकालीन हितमा केन्द्रित रहेको भन्दै स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान)ले स्वागत गरेको छ।

इपानले सोमबार यहाँ पत्रकार सम्मेलन आयोजना गरी नेपालको ऊर्जा क्षेत्रको विकासका लागि दीर्घकालीन महत्वका हिसाबले पनि प्रधानमन्त्रीको भ्रमण सफल रहेको टिप्पणी गरेको छ।

भारत भ्रमणका क्रममा भारत सरकारले आगामी १० वर्षभित्र १० हजार मेगावाट बिजुली लैजाने घोषणा स्वागत योग्य भएको इपानको भनाइ छ। "प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा उहाँका समकक्षी नरेन्द्र मोदीले संयुक्त पत्रकार सम्मेलनमा समेत सो विषयलाई महत्वका साथ सम्बोधन गर्नुभएको थियो", इपानका अध्यक्ष कृष्णप्रसाद आचार्यले भन्नुभयो, "दुवै देशको ऊर्जा सचिवले दीर्घकालीन ऊर्जा व्यापारसम्बन्धी सहमतिमा हस्ताक्षर गर्नुभएको थियो।"

सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा ऊर्जा व्यापारमा निजी क्षेत्रलाई समेत सहभागी गराउने र अनुमति दिने प्रबन्ध गरिएकोप्रति इपानले प्रशन्नता व्यक्त गरेको छ। बिजुलीको अन्तर्राष्ट्रिय बजारको प्रबन्ध भएको तथा सरकारलेसमेत अनुमति दिएको अवस्थामा ऊर्जा क्षेत्रमा महत्वपूर्ण सुधार र विकासका लागि मार्ग प्रशस्त भएको इपानको ठहर छ।

इपानका अध्यक्ष आचार्यले बिजुलीको व्यापारका लागि मार्ग प्रशस्त भएकाले अब तत्काल सरकारले विद्युत् खरिद बिक्रीको अनुमति दिन माग गर्नुभयो। " प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा ऐतिहासिक सम्झौता भएको छ। अब त्यसलाई कार्यान्वयनमा ल्याउनका लागि सरकार र सरकारी निकायले पहल गर्नुपर्छ", उहाँले भन्नुभयो।

भारत भ्रमणका क्रममा न्यू बुटवल-गोरखपुर चार सय केभी प्रसारण लाइन निर्माणसम्बन्धी शिलान्यास भएको छ। चार सय ८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता भएको छ। यसैगरी छ सय ६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजनाको पनि परियोजना विकास सम्झौता भएको छ।



"इपानले प्रधानमन्त्री प्रचण्डले यसपटकको भ्रमणलाई आर्थिक कूटनीतिमा केन्द्रित गरी ऊर्जा व्यापारका लागि महत्वपूर्ण पहल गर्नुभएकामा ऊर्जा उद्यमीका तर्फबाट धन्यवाद दिन चाहन्छौँ", अध्यक्ष आचार्यले भन्नुभयो, "अब यसलाई कार्यान्वयन गर्नुपर्छ। त्यसका लागि सरोकारवाला सबै निकायको साथ र सहयोग आवश्यक छ।"

यसपटक विश्वव्यापी प्रतिस्पर्धाका माध्यमबाट छानिएका जुनसुकै देशका निर्माण व्यवसायी सहभागी भएका आयोजनाबाट उत्पादित बिजुली भारत निर्यातका लागिसमेत मार्ग प्रशस्त भएको इपानको भनाइ छ।

भारतीय भूमि हुँदै बङ्गलादेशसम्म बिजुली बिक्रीका लागि दुई देशबीच सहमति भएको जानकारी दिँदै इपानले यसलाई सुरुआती बिन्दु मानेर अगाडि बढ्नुपर्नेमा जोड दिएको छ।

इपानको यही जेठ ३२ गते हुने साधारणसभा हुने भएको छ। नयाँ नेतृत्व चयन गरिने सो साधारणसभाका लागि हालका उपाध्यक्ष गणेश कार्कीले अध्यक्षमा, उपाध्यक्ष मोहनकुमार डाँगीले वरिष्ठ उपाध्यक्षमा उम्मेदवारी घोषणा गर्नुभएको छ। महासचिवमा बलराम खतिवडा र उपमहासचिवमा प्रकाश दुलालले उम्मेदवारी घोषणा गर्नुभएको छ।

### नेपाल-भारत सीमा विवादबारे दुवैपक्ष बसेर छलफल गर्नुपर्छ : प्रधानमन्त्री दाहाल

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल-भारत सीमा विवादका विषयमा दुवैपक्ष बसेर छलफल गर्नुपर्ने बताउनुभएको छ। प्रतिनिधिसभाको सोमबारको बैठकमा भारत भ्रमणका क्रममा भएका सम्झौता र नागरिकता विधेयक प्रमाणीकरणसम्बन्धमा सांसदहरुको जिज्ञासामा नेपाल र भारत दुवै पक्ष सँगै बसेर नक्शा राखेर छलफल गर्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो।

"भारत भ्रमणका क्रममा कैयौँ विषयमा छलफल भएको छ, राष्ट्रिय हित र स्वाधिनताको विषयमा हामी चिन्तित छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नक्शाको विषयमा पनि कुरा भएको छ, म धर्मनिरपेक्षतावादी हुँ, जनताको धार्मिक आस्थालाई अपमान हुने काम गर्नुहुँदैन, मेरो प्राथमिकता चाहीँ फोहर व्यवस्थापन थियो।"

प्रधानमन्त्री दाहालले नागरिकता विधेयक दुवै सदनले पारित गरेर पठाएको हुनाले राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाएको बताउनुभयो। नागरिकता विधेयक प्रमाणीकरण नहुँदा धेरै नागरिक नागरिकताविहीन भएका उहाँको भनाइ थियो।

"दुवै सदनले विधिसम्मत तरिकाले पठाएको विधेयक अर्को संसद्ले मान्दिन भन्न मिल्दैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "सदनले दुई पटक प्रमाणीकरणका लागि पठाएको हो।"

बैठकमा सांसद सूर्यबहादुर थापाले अघिल्लो सदनले पठाएको विधेयक वर्तमान सदनलाई जानकारी नदिइकन प्रमाणीकरण गर्नु कानुनी प्रक्रिया गलत भएको भन्दै संसद्को ध्यानाकर्षण गराउनुभएको थियो।

सांसदहरु विश्वप्रकाश शर्मा र रघुजी पन्तले नागरिकतासम्बन्धी विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष वर्तमान राष्ट्रियसभा र प्रतिनिधिसभा अध्यक्षले प्रमाणित गरेर पठाउनुपर्ने सुझाव दिनुभयो।

सांसदहरु गोकर्ण विष्ट, पद्म गिरी, प्रेम सुवाल, रघुजी पन्त, योगेशकुमार भट्टराई, राजेन्द्रप्रसाद लिङ्देन, ज्ञानेन्द्रबहादुर शाही, ठाकुर गैरे, शिशिर खनाल, रवि लामिछाने, जुलीकुमारी महतो, सुनिता बराल, बिजुला रायमाझीलगायतले पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, सीमा सुरक्षा, नागरिकता विधेयक संसद्लाई छलेर प्रमाणीकरण गरेको आरोप लगाउँदै प्रश्न उठाएका थिए। रासस

# नेपाली ट्राभल कम्पनी 'ह्याक' हुँदा करोडौँ नोक्सान

काठमाण्डु । ग्लोबल डिस्ट्रिव्युसन सिस्टम 'जीडीएस' मार्फत अन्तर्राष्ट्रिय उडानको टिकट बिक्री गर्दै आएका नेपाली ट्राभल कम्पनी 'ह्याक' भएका छन्।

विदेशी ह्याकरको समूहले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको टिकट बिक्री प्रणालीलाई ह्याक गरेर करोडौँ रुपैयाँ नोक्सानी पुऱ्याएका हुन्। ह्याकरले नेपालमा काम गर्दै आएका विदेशी जिडीएस कम्पनीको नाममा नेपाली ट्राभल कम्पनीलाई इमेल पठाउँदै टिकट बिक्री गरेर नोक्सानी पुऱ्याएका हुन्।

नोक्सानी पुगेका नेपाली ट्राभल कम्पनीमा देउराली ट्राभल, कोस्मो नेपाल ट्राभल, सी लिङ्क ट्राभललगायत रहेका छन्। प्रत्येक कम्पनीबाट ६० देखि ८० लाखको टिकट विदेशी ह्याकरले 'इस्यु' गरेको देखिन्छ। नेपाल एसोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष रमेश थापाले जिडीएस कम्पनीका नाममा नेपालका ट्राभल कम्पनीलाई मेल पठाएर विदेशी ह्याकरले रातारात विदेशबाट टिकट काटेको बताउनुभयो। "ह्याकरले जिडीएसको लोगो राखेर मेल पठाएर टिकट बिक्री गरेर ठगी गरेको पाइयो, यो घटना बाहिर आएपछि नेपाली ट्राभल कम्पनी त्रसित छन्", उहाँले भन्नुभयो।

ह्याकरले अधिकांश टिकट मोरक्कोतर्फ जारी गरेको देखिएको अध्यक्ष थापाले बताउनुभयो। पीडित ट्राभल कम्पनीले भने साइबर ब्यूरोमा मुद्दा हालिसकेका छन्। नेपालका ट्राभल कम्पनीलाई सेवर, एमाडस, ग्यालिलियोले जिडीएस सेवा प्रदान गर्दै आइरहेका छन्।

नेपालका ट्राभल कम्पनीलाई जिडीएस सेवा प्रदान गर्दै आइरहेको सेवर नेपाल नेटवर्ककी महाप्रबन्धक अनुपा बुढाथोकीले विदेशी ह्याकरले नेपालमा सेवा दिँदै आएका जिडीएस कम्पनीको लोगो राखेर ट्राभल कम्पनीलाई नक्कली इमेल पठाएर ठगी गरेको देखिएको बताउनुभयो।

उहाँले जिडीएस कम्पनीमार्फत आएका मेललाई ट्राभल कम्पनीले पासपोर्ड र युजरनेम शेयर गर्नुअगाडि त्यो इमेल आधिकारीक निकायबाट आएको हो की होइन भन्ने निश्चित गरेरमात्र शेयर गर्न आग्रह गर्नुभयो।

उक्त घटनापछि सेवरले आफ्नो सेवा प्रयोगकर्ता ट्राभल कम्पनीको हितलाई ध्यानमा राखेर आफ्नो 'सेक्युरेटी फिचर'लाई अझै बलियो र परिस्कृत बनाएको महाप्रबन्धक बुढाथोकीले बताउनुभयो। रासस

# बजेटमाथि सामान्य छलफल प्रारम्भ

काठमाण्डु। प्रतिनिधिसभामा आर्थिक वर्ष २०८०/८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल प्रारम्भ भएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले वक्तव्यसहित आव २०८०/८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

बैठकमा उक्त छलफलमाथि सांसदहरूले दलीय आधारमा आफ्ना धारणा व्यक्त गरिरहुनभएको छ। मन्त्री डा महतले यही जेठ १५ गते सङ्घीय संसद् को संयुक्त बैठकमा आर्थिक वर्ष २०८०/८१ बजेट प्रस्तुत गर्नुभएको थियो। रासस

# नेपाल-इटली चेन्बर डे मनाइयो

काठमाण्डु । नेपाल-इटाली चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्री (एनआईसीसीआई) डे मनाइएको छ।

नेपाल र इटालीबीच व्यावसायिक सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले स्थापित नेपाल-इटाली चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रीले जुन ५ लाई द्विपक्षीय व्यापार बैठक तथ एनआइसीसीआई दिवसका रुपमा घोषणा गरेको छ। आज मनाइएको एनआईसीसीआई डेको अवसरमा पहिलो संस्करणको न्यूज लेटर अनावरण तथा द्विपक्षीय व्यापार बैठक पनि सम्पन्न भएको छ। दुई देशबीचको पर्यटन, उद्योग, आयात, निर्यातलगायत व्यावसायिक सम्बन्ध बढाउन यो बैठकले महत्वपूर्ण भूमिका खेल्ने आयोजकको भनाइ छ।



उक्त कार्यक्रममा नेपालका लागि इटालीका राजदूत भिन्सेन्जो डे लुकाले प्रगाढ द्विपक्षीय सम्बन्धको प्रतीक तथा दीगो साझेदारीका लागि सहकार्यमा जोड दिनुभयो। दुई देशबीच पर्यटन, आयात-निर्यात, उद्योगलगायत क्षेत्रलाई कसरी व्यवस्थित ढङ्गले अगाडि बढाउने भन्नेमा यस्ता संस्थाको भूमिका सहयोगी हुने उहाँको भनाइ छ।

"नेपालको कफी, हस्तकलाका सामग्रीलगायत वस्तु इटालीको बजारमा पुर्याउने र इटालीमा आप्रवासी नेपाली समाजमार्फत यहाँको वस्तुको प्रवर्द्धनका लागि यसले सहयोग गर्नेमा हामी आशावादी छौँ।", कार्यक्रममा उहाँले भन्नुभयो।

एनआइसीसीआईका अध्यक्ष सञ्जय अग्रवालले यो दिवसले चेम्बरको स्थापनादेखि हालसम्म गरेको यात्राबारे चिन्तन गर्ने अवसर प्रदान गरेको बताउनुभयो। "द्विपक्षीय व्यापारप्रतिको प्रतिबद्धतालाई सुदृढ पार्ने, नवप्रवर्तनलाई बढावा दिने, दिगो विकास तथा समृद्धिलाई अगाडि बढाउने र बलियो साझेदारीलाई बढावा दिने हाम्रो अपेक्षा छ।", अग्रवालले भन्नुभयो।

कार्यक्रममा इटालीका लागि नेपालका महावाणिज्यदूत प्रतिमा राणा पाण्डेले दुई देशबीचको सहकार्यका लागि एनआईसीसीआईको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। नेपाल इटाली चेम्बर अफ कमर्श एण्ड इन्डष्ट्री नेपालमा स्थापित कम्पनी तथा उद्यमीहरूको साझा संस्था हो। सन् २०१४ मा स्थापना भएको यो संस्थाले इटाली र नेपालबीच व्यापारिक सम्बन्धको प्रवर्द्धन र विकास गर्ने उद्देश्य राखेको छ। रासस


## सनराईज लिकर्स प्रा.लि.
सुरुङ्गा न.पा. ४, सप्तरी

### आ.व. २०८०/०८१ मदिरा बिक्री वितरण दर रेट

प्रकाशित मिति २०८०।०२।२३

| सि.नं. | ब्राण्डको नाम | यु.पि. शक्ती | साईज | नेशनल डिस्ट्रीब्यूटर मुल्य: मुल्य | नेशनल डिस्ट्रीब्यूटर मुल्य: कमिशन | वितरक मुल्य: मुल्य | वितरक मुल्य: कमिशन | होल सेलर मुल्य: मुल्य | होल सेलर मुल्य: कमिशन | रिटेलर मुल्य: मुल्य | रिटेलर मुल्य: कमिशन | उपभोक्ता मुल्य प्रति कार्टून | उपभोक्ता मुल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Personal Choice | 40 | 750 | 10540 | 250 | 10790 | 470 | 11260 | 680 | 11940 | 760 | 12600 | 1050 |
| | | | 375 | 10540 | 250 | 10790 | 470 | 11260 | 680 | 11940 | 760 | 12720 | 530 |
| | | | 180 | 10540 | 250 | 10790 | 470 | 11260 | 680 | 11940 | 760 | 12720 | 265 |
| 2 | Redition Black | 50 | 180 | 7700 | 300 | 8000 | 500 | 8500 | 500 | 9000 | 1560 | 10560 | 220 |
| 3 | MYXXX | 50 | 180 | 6650 | 180 | 6830 | 220 | 7050 | 280 | 7330 | 2270 | 9600 | 200 |
| 4 | GSS golden choice | 50 | 180 | 5900 | 100 | 6000 | 200 | 6200 | 200 | 6400 | 800 | 7200 | 150 |
| 5 | New richbond, Gold milky, Arigina, vinex, mycle | 50 | 180 | 5680 | 100 | 5780 | 220 | 6000 | 200 | 6200 | 520 | 6720 | 140 |
| 6 | Gss Blue | 70 | 300 | 1200 | 35 | 1235 | 70 | 1305 | 60 | 1365 | 585 | 1950 | 65 |
| 7 | GSS Gold | 70 | 300 | 1020 | 35 | 1055 | 60 | 1115 | 50 | 1165 | 635 | 1800 | 60 |
| 8 | GSS Apple, GSS Orange GSS Litchi, GSS Nimbu | 70 | 300 | 985 | 25 | 1010 | 50 | 1060 | 50 | 1110 | 540 | 1650 | 55 |
| 9 | Moranga/ GSS White | 70 | 300 | 925 | 15 | 940 | 30 | 970 | 40 | 1010 | 490 | 1500 | 50 |

**नोट** : मिति २०८०/०२/२४ गते देखि लागु हुने गरी, मुल्यमा मु.अ.कर, अन्तशुल्क समावेश गरिएको साथै ढुवानी खर्च र स्थानिय कर अतिरीक्त लाग्ने छ।



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति: २०८०/०२/२३

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक लि.) शाखा कार्यालय जलेश्वर, महोत्तरीबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने सावाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।
साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### तपसिल

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा (Citizens SME OD Loan)**
**ऋणी फर्मको नाम : संध्या बालुवा गिट्टी डिपो**
रजिष्ट्रेसन नं. : ४३१९/१२४/०७४/०७५ (नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उधोग कार्यालय, महोत्तरी)
रजिष्टर्ड ठेगाना : जलेश्वर न.पा. १, महोत्तरी
पान नं. : ६०७९५८९०२

**फर्मको प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना**

**नाम : गणेश ठाकुर**
बाबु : राजेश्वर ठाकुर
बाजे : हरी नन्दन ठाकुर
ठेगाना : जलेश्वर न.पा-१, महोत्तरी
हालको ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
ना.प्र.नं. : ३९२३३६५६
जारी मिति : २०४५/०२/१५
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : पवित्री देवी**
बाबु : राम चन्दर ठाकुर वडही
ससुरा : राजेश्वर ठाकुर
पति : गणेश ठाकुर
ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
हालको ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
ना.प्र.नं. : १८३००१/३८
जारी मिति : २०६३/१०/०३
जि.प्र.का : महोत्तरी

**२. नाम : सोनी देवी**
बाबु : भरत वडही
ससुरा : गणेश ठाकुर
पति : प्रेम कुमार ठाकुर
ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
हालको ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
ना.प्र.नं. : १८-०१-७३-०४३१०
जारी मिति : २०७३/०६/१४
जि.प्र.का : महोत्तरी

**३. नाम : संजीव कुमार ठाकुर**
बाबु : गणेश ठाकुर
बाजे : राजेश्वर ठाकुर
ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
हालको ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
ना.प्र.नं. : १८-०१-७२-०२१७२
जारी मिति : २०७२/०३/२७
जि.प्र.का. : महोत्तरी

**४. नाम : चन्दन कुमार ठाकुर**
बाबु : गणेश ठाकुर
बाजे : राजेश्वर ठाकुर
ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
हालको ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
ना.प्र.नं. : १८-१-००१-२१९८
जारी मिति : २०६९/०९/२४
जि.प्र.का. : महोत्तरी

**५. नाम : प्रेम कुमार ठाकुर**
बाबु : गणेश ठाकुर
बाजे : राजेश्वर ठाकुर
ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
हालको ठेगाना : जलेश्वर न.पा.-१, महोत्तरी
ना.प्र.नं. : १८-०१-००१-५६६
जारी मिति : २०६५/१२/१०
जि.प्र.का. : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः- पवित्री देवी**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | जलेश्वर | २ | ८२८ | ०-०-१२-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

**२. कर्जा शिर्षक : अधिविकर्ष कर्जा (Citizens SME OD Loan)**
**ऋणी फर्मको नाम : श्री महालक्ष्मी हार्डवेयर एण्ड मेशनरी स्टोर्स**
रजिष्ट्रेसन नं. : ४२८३/८८/०७४/०७५ (नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, नेपाल)
रजिष्टर्ड ठेगाना : औरही न.पा. १, महोत्तरी
पान नं. : ६०७४३७०१४

**फर्मको प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना**

**नाम : जगदिश यादव**
बाबु : लक्ष्मी यादव
बाजे : मुंगालाल यादव
ठेगाना : औरही न.पा.-२, महोत्तरी
हालको ठेगाना : औरही न.पा.-१, महोत्तरी
ना.प्र.नं. : ०३३६०५०४
जारी मिति : २०३४/१०/...
जि.प्र.का. : महोत्तरी

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : रामकली देवी**
बाबु : सिया राम राय
ससुरा : लक्ष्मी यादव
पति : जगदिश यादव
ठेगाना : औरहि -६, महोत्तरी
हालको ठेगाना : औरही न.पा.-१, महोत्तरी
ना.प्र.नं. : ०३३६१७५२
जारी मिति : २०४६/०२/२९
जि.प्र.का. : महोत्तरी

**२. नाम : विजय कुमार यादव**
बाबु : जगदिश यादव
बाजे : लक्ष्मी यादव
ठेगाना : औरहि न.पा.-४, महोत्तरी
हालको ठेगाना : औरही न.पा.-१, महोत्तरी
ना.प्र.नं. : १८२०६४/५१३
जारी मिति : २०६९/०६/०४
जि.प्र.का. : महोत्तरी

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः- जगदिश यादव**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | औरही | ३ग | २५६ | ०-७-०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |
| महोत्तरी | औरही | ३क | १६८ | ०-४-१०-० | |
| महोत्तरी | औरही | ६ | १८६ | ०-४-१५-० | |

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

# 'अपांगता मैत्री कार्यक्रम ल्याइने'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका शिक्षा तथा सामाज कल्याण मन्त्री महेश कुमार यादवले अपांगता भएका व्यक्तिहरुको क्षमता विकासको लागि प्रदेश सरकार गम्भीर रहेको जिकिर गरेका छन् ।

राष्ट्रिय अपांग महासंघद्वारा सोमबार जनकपुरधाममा आयोजित स्वास्थ्य सम्बन्धी पुर्नस्थापना संघका लागि अन्तरक्रिया कार्यक्रममा मन्त्री यादवले सो कुरा बताएका छन् ।

अपांगता भएकै कारण मनोबलमा कमी देखिएका व्यक्तिहरुको मनोबल बढाउने मात्र होइन सीपमूलक तालिम दिएर उनीहरुलाई सक्षम बनाउन अभियान नै संचालन गर्नुपर्ने आवश्यकता उनले औंल्याए ।

प्रदेश सरकारले ल्याउन लागेको नीति तथा कार्यक्रममा अपांगता मैत्री कार्यक्रमहरु ल्याउने विश्वास उनले व्यक्त गरे ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले अपांगता भएकाहरुको लागि सीपमूलक तालिमको व्यवस्थापनको साथै आर्यआर्जनमा वृद्धि गर्ने कार्यक्रमहरु आवश्यक रहेको औंल्याए ।

प्रत्येक पालिकामा बहिरा अपाँगहरुकालागि सांकेतिक भाषाका प्रशिक्षक राखेर प्रशिक्षणको व्यवस्थापन हुनुपर्ने बताउँदै उनले भने,'हरेक पालिकामा साँकेतिक भाषाको प्रशिक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था संघ सरकारले गर्नुपर्छ ।'

कार्यक्रममा महासंघका मधेश प्रदेश अध्यक्ष




किरण कुमार पासवानले अपांगता भएकाहरुले आफू पनि यसै प्रदेशको नागरिक रहेको समेत अनुभूति गर्न नसकेको दुखेसो पोखे ।

सरकारले अपांगहरुको क्षमता अभिवृद्धिमा केन्द्रित भएर नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने उनले माग गरे ।

कार्यक्रममा फियान नेपालकी मधेश प्रदेश कार्यक्रम अधिकृत नन्दनी यादवले अपांगता भएकाहरुले आफ्नो पहिचानसहितको परिचयपत्र बनाउन समेत महिनौ महिना पालिकामा कुद्नुपर्ने बाध्यात्मक अवस्थामा परिवर्तन ल्याउनु पर्ने आवश्यकता औंल्याइन् ।

अपाँगता भएकाहरुको पहिचानपत्र बनाउने प्रक्रिया सहज बनाउनुपर्ने माग समेत उनले अघि सारिन् ।

कार्यक्रममा महासंघका संघीय परियोजना संयोजक संदीप विकले मधेश प्रदेशको कुल जनसंख्याको १.५ प्रतिशत अपाँगता भएका व्यक्तिहरु रहेको जानकारी दिए ।

उनले भने,'मधेश प्रदेशमा रहेका ९१ हजार ६ सय ४७ अपांगहरु मध्ये एक प्रतिशतको पहुँच पनि राज्यसम्म हुन नसकेको दुर्भाग्यपूर्ण स्थिति छ ।'

नीति तथा कार्यक्रमलाई अपांगता मैत्री बनाउनका लागि पैरवी गर्ने उद्देश्यले देशको सात वटै प्रदेशमा यो अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको उनले जानकारी दिए ।

कार्यक्रममा मिथिला बिहारी नगरपालिकाका प्रशासकीय अधिकृत रामदरश यादव,राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश प्रमुख मंजु खतिवडा,शिक्षा निर्देशनालयका प्रतिनिधिलगायतको विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

# लखेटिए सभापति इबराहिम

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल मुस्लिम संघ धनुषाका सभापति इबराहिम राइन लखेटिएका छन् । पार्टीको कारबाहीमा परेका उनले सोमबार गोप्यरुपमा संघकै क्षेत्रीय अधिवेशन गर्दा लखेटिएका छन् ।

सोमबार महेन्द्रनगरस्थित क्षेत्रीय पार्टी कार्यालयमा नेपाल

**इब्राहिमले गत मंसिरमा भएको निर्वाचनमा पार्टीसंग अन्तर्घात गरेका थिए ।**

मुस्लिम संघ धनुषा निर्वाचन क्षेत्र ४ को अधिवेशन उनले गोप्य रुपमा गर्न खोज्दा उनलाई प्रदेश सांसद कुमरकान्त झाको नेतृत्वमा गएको टोलीले भगाएका थिए । सो मुस्लिम संघ नेपाली कांग्रेस निकट भातृ संगठन रहेको छ । उनले गत मंसिरमा भएको निर्वाचनमा पार्टीसँग अन्तर्घात गरेका थिए । त्यसपछि उनीसहित चार जनालाई पार्टीले अनुशासन विपरीत काम गरेको भन्दै गत मंसिर १९ गते कारबाही गरेका थिए । उनीमाथि निर्वाचनको एक दिन नेकपा एमालेको प्रचारप्रसारमा सहभागी भइ अनुशासन विपरीत काम गरेको आरोप छ ।

# नागरिकताको सवालमा सत्तापक्ष एक ठाउँमा


**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सत्तारुढ दलहरु नागरिकताको सवालमा एक ठाउँमा उभिएका छन् । सोमबार प्रदेशसभा बैठक सुरु हुने वित्तिकै सत्तारुढ दलका सांसदहरु उठेर नागरिकता रोक्ने षड्यन्त्र भइरहेको भन्दै विरोध जनाए ।

सभामुख रामचन्द्र मण्डलले कारबाही प्रक्रिया सुरु गरेलगत्तै सत्तारुढ ६ दलका सांसदहरु उठेका थिए । त्यसपछि सभामुखले,'के छ माननीय ज्यू, केही विशेष छ कि ?'भन्दै प्रश्न गरेर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद उपेन्द्र महतोलाई आफ्नो धारणा राख्न अनुमति दिएका थिए ।

उनले नागरिकता दिने प्रक्रिया रोकिने प्रयास भइरहेको जानकारी गराएका थिए । नेपाली नागरिकलाई अनागरिक बनाउने प्रयास भइरहेको उनको कथन थियो । सोही कारण जसपा, नेपाली कांग्रेस, जनमत, नेकपा माओवादी केन्द्र, लोसपा र नेकपा एकीकृत समाजवादी पार्टी लगायत दलले विरोध गरेको उनले बताए ।

त्यसपछि जसपाका सांसद रामअशिष यादवले नेकपा एमालेलाई लक्षित गर्दै प्रतिनिधिसभा



संसद अवरुद्ध नगर्न सामूहिक रुपमा सन्देश दिएको बताए ।

शून्य समयमा बोल्दा लोसपाकै सांसद रानी शर्मा तिवारीले पनि नागरिकता सम्बन्धी मुद्दा नै उठाएकी थिइन् । नागरिकता बल्ल पाउने खुशियाली साट्न नपाउँदै खोस्न षड्यन्त्र भइरहेको उनले चिन्ता व्यक्त गरे ।

### ठाउँ-ठाउँमा प्रदर्शन

संशोधित नागरिकता विधेयक तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले दिएको आदेश विरुद्धमा मधेशको विभिन्न ठाउँमा प्रदर्शन भएको छ । नागरिकताविहीन नागरिकहरूले जनकपुरधाम-ढल्केवर र पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेर प्रदर्शन गरेका थिए भने जिल्ला प्रशासन कार्यालय धनुषा अगाडिसमेत प्रदर्शन गरिएको थियो । उनीहरुले नागरिकता ऐनको विरोध गर्ने दल नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राप्रपा पार्टीविरुद्ध नारावाजी गरेका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १७ गते नागरिकता सम्बन्धी विधेयक प्रमाणीकरण गरेका थिए । त्यसपछि सरकारले बनाएको विधेयक रापत्रमा प्रकाशित भएर गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई आइतबारदेखि नागरिकता दिन परिपत्र गरेको थियो । सोही दिन सर्वोच्च अदालतले उक्त ऐन यथास्थितिमा राख्न आदेश दिएका थिए । वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, बालकृष्ण न्यौपानेलगायतले उक्त विधेयक प्रमाणीकरण प्रक्रियाविरुद्ध दायर गरेको रिटमा न्यायाधीश मनोज शर्माको इजलासले आइतबार अल्पकालीन अन्तरिम आदेश दिएको थियो ।

# स्रोत केन्द्र कक्षा संचालन

**टुडे समाचारदाता**

राजविराज । शिक्षाको उज्यालो घामबाट बञ्चित रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकाको सुन्दर भविष्य निर्माणका लागि सोमवारदेखि यहाँ स्रोत केन्द्र कक्षा संचालनमा ल्याइएको छ ।

जिल्ला मै बौद्धिक अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी संचालनमा ल्याइएको यो स्रोत केन्द्र कक्षा पहिलो हो ।

राजविराज-६ स्थित बहिरा बालक स्कुलको परिसरमा हाल खाली अवस्थामा रहेको २ वटा कोठाको प्रयोग गरी कक्षा संचालनमा ल्याइएको छ ।

बौद्धिक अपाङ्गता अभिभावक संघ सप्तरीको पहल तथा राजविराज नगरपालिकाको सहयोगमा संचालनमा ल्याइएको उक्त केन्द्रको एक कार्यक्रमबीच वडाअध्यक्ष शशि चौधरीले उद्घाटन गरेका थिए ।

सो अवसरमा उनले बौद्धिक अपाङ्गता भएका नागरिकलाई सम्मान प्रदान गर्न र आत्मनिर्भर बनाउन यो स्रोत केन्द्रले महत्वपूर्ण भूमिका खेल्ने विश्वास ब्यक्त गरे ।

बौद्धिक अपाङ्गता संघ सप्तरीका अध्यक्ष समाजसेवी



जगदीश प्रसाद अर्यालले हाल नगर क्षेत्रका ९ छात्रासहित १६ जना बौद्धिक अपाङ्गता भएका छात्र छात्रा भर्ना भएको जानकारी दिदै उनीहरुलाई पनि अरु वराबर खान, बाच्न र पठन पाठनका लागि अवसरमा प्रदान गर्न सबैले सहयोग गर्नुपर्नेमा जोड दिए ।

बहुसंख्यक बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका अधिकार प्राप्तिबाट वञ्चित रहेको चर्चा गर्दै उनले यस्तो ब्यक्तिको पनि हक, अधिकार संरक्षण र सम्वर्द्धन गर्न सरोकारवालाको ध्यान जानुपर्ने बताए ।

कार्यक्रममा मधेश प्रदेश जेष्ठ नागरिक संघका निर्वतमान अध्यक्ष शंकर शारदा, जसपाका केन्द्रीय सदस्य रमिला देवी साह, समावेशी अपाङ्ग संघका अध्यक्ष सतिश चन्द्र झा, बौद्धिक अपाङ्गता अभिभावक संघका उपाध्यक्ष महेश ठाकुर, संघका अधिकृत सरोज खडगा, वडाअध्यक्ष अनिल दासलगायतले पनि धारणा व्यक्त गरेका थिए ।

# जग्गा खरिदमा त्रुटिपूर्ण निर्णय

**राकेश यादव**

गौर । नेपाल नेत्र ज्योति संघले रौतहटको चन्द्रनिगाहपुरमा खरिद गरेको दुई तल्ले पक्की घर सहितको जग्गामा खरिद समितिले त्रुटिपूर्ण निर्णय गरेको देखिएको छ ।

चन्द्रनिगाहपुरमा रहको आखा अस्पतालको लागि खरिद गरिएको १ करोड़ ९ लाखको दुइ धुर जग्गामा नेपाल नेत्र ज्योति संघ गौर आखा अस्पातल खरिद समिति आफैले राखेको शर्त विपरीत जग्गा खरिद गर्ने निर्णय गरेको छ ।

खरिद समितिका संयोजक अधिवक्ता संजीव कुमार मल्लिकले जग्गाधनी प्रमाणपुर्जामा क्षेत्रफल २ धुर भए पनि नक्सामा सो जग्गा साढ़े ३ धुर रहेको दाबी गरेका छन् । उनले जग्गा खरिदमा रकमको अनियमितता नभएको समेत ठोकुवा गरेका छन् ।

गौरमा न्यून संख्यामा आउने राष्ट्रिय दैनिक पत्रिका मध्यान्ह दैनिकमा २०७९ फागुन ४ मा खरिद समितिले प्रकाशन गरेको घर जग्गा खरिद सम्बन्धी शीलबन्दी प्रस्ताव आह्वानको सूचनामा पहिला नै त्यही घर जग्गा



खरिद गर्ने लक्ष्य राखेर सूचना प्रकाशित गरिएको देखिएको छ ।

आखा अस्पताल रहेको ठाउँदेखि २ सय मिटर उत्तर तर्फ खरिद गरिएको जग्गा रहेको छ ।

सूचना जारी गर्दा चन्द्रपुर नगरपालिका - ४ र ६ देउराली चोकमा संचालन रहेको आँखा तथा कान उपचार केन्द्रदेखि उत्तर करीब दुई सय मिटरमा वीरेन्द्र राजमार्गबाट पश्चिम सहायक मार्ग बाट देउराली चोकदेखि मिलन चोक जोड़ने बाटोमा पूर्व र पश्चिम दुबै तीर रहेको हुनुपर्ने क्षेत्र तोकिएको छ ।

खरीद समितिले सूचनामा उल्लेख गरेको कागजातको बुँदा नम्बर-४ मा घरको नक्सा नगरपालिकाबाट पास भएको र निर्माण सम्पन्न भएको प्रमाणको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने उल्लेख गरे ता पनि विना नक्सा पास र कार्य सम्पन्न भएको प्रमाणपत्रको जग्गा खरिद गर्ने गरेको निर्णयले जग्गा खरिदमा आर्थिक रुपमा चलखेल भएको पुष्टि भइरहेको छ । सूचनामा ३ धुरदेखि १० धुर जग्गा खरिद गर्नु पर्ने उल्लेख गरिएको छ ।

शिवमंगल साह , डा. प्रजवल बस्नेत र अस्पताल प्रमुख नागेश्वर चौधरी सदस्य रहेका खरिद समितिका संयोजक मल्लिकले खरिद गरिएको घर जग्गाको नगरपालिकाबाट नक्सा पास नभएको स्वीकारसमेत गरेका छन् । नक्सामा सो जग्गाको पश्चिम तर्फ बाटो काटिएको देखिएको छैन ।

२०७९ असोज १२ गते ९ लाख ३२ हजारमा खरिद गरिएको सो जग्गा २०७९ चैत्र २६ मा नेत्र ज्योति संघले १ करोड ९ लाखमा खरिद गरेको पारित राजीनामा लिखतबाट देखिन्छ ।

कल्पना अधिकारीसंग ९ लाख ३२ हजारमा आखा अस्पताल चन्द्रनिगाहपुरका प्रमुख डाक्टर रेयाजले अस्पतालमा कार्यरत रहेकि कर्मचारी यशोदा परियारको सासु धन मायाको नाउमा खरिद गरेर सोही जग्गा १ करोड़ बढी मूल्यमा शर्त विपरीत नक्सा नै पास नभएको घर जग्गा नेत्र ज्योति संघको नाउमा बिक्री गरेको हुँदा संघको रकम भ्रस्टाचार भएको हुन सकिने आशंका उत्पन्न भएको छ ।

नेत्र ज्योति संघ रौतहटका अध्यक्ष विजय सिंहले जग्गा धनी दर्ता प्रमाणपत्रमा २ धुर भए पनि नक्सामा साढ़े ३ धुर र भोग कब्ज़ामा १० धुर जग्गा घरसमेत भएको बताएका छन् ।

चन्द्रनिगाहपुरमा बाटो संग जोडिएको जग्गाको मूल्य बढ़ी रहेकोले घरसहित खरिद गरिएको जग्गामा रकम दुरूपयोग भएको कुरो अफवाह रहेको दाबी गरेका छन् ।

संघले खरिद गरेको २ धुर जग्गामा नेपाल सरकारको ७ धुर जग्गा मिसाएर घर बनाइएको हुँदा स्थानीय तहले सो जग्गा अतिक्रमण मुक्त गराउन कारबाही गर्नुपर्ने स्थानीयको माग रहेको छ ।

# वायु प्रदूषणले मुटुरोगको जोखिम

**टुडे समाचारदाता**

जनकपुरधाम । वातावरणमा जति धेरै वायु प्रदूषण त्यति धेरै मुटुरोगको जोखिम हुने गरेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

विश्व वातावरण दिवसको अवसरमा ग्रिन स्पेस नेपालले आयोजना गरेको वायु प्रदूषण र मुटुरोगको जोखिम विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले सो कुरा बताएका छन् ।

ग्रिन स्पेस नेपालका धनुषा जिल्ला अध्यक्ष धीरज साहको सक्रियतामा भएको सो कार्यक्रममा मुटु रोग विशेषज्ञ डा.राजेश साहले विश्वमा हुने मुटु रोगमध्ये एक तिहाई मुटु रोग वायु प्रदूषणकै कारणले हुने गरेको बताए ।

वायु प्रदूषण न्यूनीकरण गर्न नसकिए अहिलेकै अवस्था रहिरहे भविष्यमा ठूलो संकटको रुपमा देखा पर्ने निश्चित रहेको दाबी गर्दै डा.साहले भने,'नागरिक सचेत हुनुपर्छ अर्को कुनै विकल्प छैन अहिले पनि आन्दोलनको नाउँमा तत्काल टायर बालेर प्रदर्शन गर्ने परिपाटी छ त्यस्ता क्रियाकलाप पूर्णरुपमा बन्द हुनुपर्छ ।'

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को प्रतिवेदनअनुसार प्रदूषित हावाका कारण प्रत्येक वर्ष ७० लाख मानिसको मृत्यु हुने गरेको छ ।

विगत ३० वर्षमा वायु प्रदूषणका कारण स्वास्थ्यमा धेरै घातक असर देखिएको छ । वायु प्रदूषणले सामान्यदेखि जटिलसम्मका स्वास्थ्य समस्या देखा परिरहेको छ ।

प्रदूषित वायुमा कार्बन मोनोअक्साइड, ओजन, नाइट्रोजन डाइअक्साइड र सल्फर डाइअक्साइड जस्ता हानिकारक सूक्ष्म कणसमेत समावेश हुन्छन् । जसले मानिस, जनावर र वनस्पतिमा हानिकारक प्रभाव पार्छ । प्रदूषित हावा फोक्सोबाट रगत नलीमा पुगेर नलीलाई नष्ट पारेर मुटु रोग हुने गरेको बताइन्छ । वायु प्रदूषणले मानव शरीरको हरेक अंगमा असर गर्ने गरेको छ ।

प्रदूषणले तत्कालीन र दीर्घकालीन रूपमा विभिन्न प्रकारको स्वास्थ्य समस्या निम्ताउने गरेको छ । वायु प्रदूषणले श्वासप्रश्वास प्रणालीका अंगहरु नाक, मुख, घाँटी, श्वासप्रश्वास नली र फोक्सोमा असर गर्छ । जसले निमोनिया, दम र फोक्सोको क्यान्सर जस्ता समस्या उत्पन्न गर्दछ ।

प्रदूषणको कारण तत्कालीन रूपमा नाक बन्द हुने, घाँटी खसखस गर्ने, खोकी लाग्ने, आँखामा संक्रमण हुने, छाला सुख्खा हुने र फोक्सोको इन्फेक्सन जस्ता समस्या देखापर्ने गरेको बताइन्छ । दीर्घकालीन रूपमा मुटुमा पुगेर मुटुको चाल बढ्ने, हृदयघात, मस्तिष्कघात र क्यान्सरको समेत जोखिम बढ्ने गरेको विज्ञहरुको कथन छ ।

गर्भवती महिला वायु प्रदूषणको सम्पर्कमा आएमा कम तौलको बच्चा जन्मिने तथा बच्चामा दमरोगसमेत देखिन सक्छ । धेरै वायु प्रदूषण हुने ठाउँमा बस्ने मानिसको झण्डै चार वर्ष आयु घट्ने विभिन्न अध्ययनले देखाएको छ ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश प्रमुख मंजु खतिवडाले प्रदूषणको बारेमा एक दिन विचार र छलफल गरेर केही पनि नहुने भएकोले यसलाई अभियानीहरुले प्रत्येक दिन वर्षको ३ सय ६५ दिन चर्चा गरेर प्राथमिकतामा राख्नुपर्ने बताए ।

मधेश प्रदेशमा प्रत्येक वर्ष किसानहरुले सयौं विघामा लगायतको पराल जलाउने गरेको र सो कारणले वायु प्रदूषण बढाउने गरेकोले यसको नियन्त्रणको लागि स्थानीय तहले पहल गर्नु पर्ने आवश्यकतासमेत उनले ओंल्याइन् ।

कार्यक्रममा महिला मानवअधिकार रक्षक संजालकी अध्यक्ष रेखा झा,ओरेक धनुषाकी संयोजक सिर्जना अर्याल,अधिकारकर्मी सुभद्रा आलेलगायतको विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।


## गर्मीबाट बच्न निम्न उपायहरू अपनाऔं

सकभर सेतो वा हलुका रङ्गको सुतीको लुगा लगाऔं । शरिरमा पानीको मात्रा कम हुन नदिन पटक पटक पानी तथा तरल पदार्थ पिउने गरौं । तरबुज, काँक्रा जस्ता रसदार फलफूल सेवन गरौं ।

सामान्यतया दिउँसो १२ देखि ४ बजेको बीचको समयमा सकभर घर बाहिर ननिस्कौं । बाहिर जानै परे छाता वा टोपीको प्रयोग गरौं ।

सूर्यको हानिकारक किरणहरूबाट आँखालाई जोगाउन सकभर सनग्लास प्रयोग गरौं । गर्मीका कारण चक्कर लाग्ने, वाकवाकी लाग्ने, टाउको दुख्ने र थकान लाग्ने जस्ता समस्या देखिएमा शितल हुने स्थानमा आराम गरौं । सञ्चो अनुभूति नभएमा वा निरन्तर असहज महशुस भईरहेमा चिकित्सकको सम्पर्कमा जाऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८